## बागमती प्रदेश सभा

# उद्योग, पर्यटन तथा वातावरण समिति

## चौथो वार्षिक प्रतिवेदन, २०७९

उद्योग, पर्यटन तथा वातावरण समितिको सचिवालय
हेटौंडा, नेपाल
फोन नं. : ०५७-५२०६४३

# उद्योग, पर्यटन तथा वातावरण समितिमा रहनुहुने प्रदेश सभाका सदस्यहरुः



**सभापति**

मा. रमा आले मगर



**सदस्य**

मा.कुशुम कुमार कार्की



**सदस्य**

मा.कृष्ण प्रसाद भुर्तेल



**सदस्य**

मा.चेतनाथ संजेल



**सदस्य**

मा.जगत बहादुर सिंखडा



**सदस्य**

मा.नरोत्तम बैद्य



**सदस्य**

मा.पार्वती सिलवाल



**सदस्य**

मा.प्रतिमा श्रेष्ठ



**सदस्य**

मा. विराज भक्त श्रेष्ठ



**सदस्य**

मा. मणिराम फुयाल



**सदस्य**

मा. राजेन्द्र गुरुङ



**सदस्य**

मा.राजेश शाक्य



**सदस्य**

मा. रामलाल महतो



**सदस्य**

मा. सीता लामा



**सदस्य**

मा. हिरानाथ खतिवडा



**समिति सचिव**

बाबुराम मगर

# मन्तव्य

## माननीय सभामुखज्यू,

नेपालको संविधानको धारा १९३ मा प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न प्रदेश सभा नियमावली बमोजिम विभिन्न समितिहरु गठन गर्न सक्ने व्यवस्था रहेको छ। बागमती प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ मा प्रदेश सरकारलाई प्रदेश सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, प्रदेश सरकारबाट भए गरेका कामकारबाहीको अनुगमन गरी आवश्यक निर्देशन तथा राय सल्लाह दिनका लागि व्यवस्था गरिएका पाँच वटा विषयगत समितिहरु मध्ये उद्योग, पर्यटन तथा वाताबरण समिति पनि एक रहेको छ। बागमती प्रदेश सरकार अन्तर्गत रहेको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, संस्कृति तथा पर्यटन मन्त्रालय र वन तथा वातावरण मन्त्रालयलाई प्रदेश सभाप्रति बढी उत्तरदायी र जवाफदेही बनाउन, ती मन्त्रालयबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङकन गरि आवश्यक निर्देशन एवम् राय सल्लाह समेत दिनका लागि प्रदेश सभामा उद्योग, पर्यटन, तथा वातावरण समिति गठन भएको छ। समितिले वर्षभरी गरेका कामहरुको प्रतिवेदन सभामा पेश गर्नुपर्ने व्यवस्था रहेको छ।

उद्योग, पर्यटन तथा वाताबरण समितिको पहिलो वार्षिक प्रतिवेदन यस सभामा २०७६ साल जेष्ठ ३१ गते, दोस्रो बार्षिक प्रतिवेदन २०७७ साल जेष्ठ ३१ गते र तेस्रो वार्षिक प्रतिवेदन २०७८ साल ज्येष्ठ २८ गते सम्मानित बागमती प्रदेश सभामा पेश गरेको स्मरण गर्दै समितिले एक वर्षको अवधिमा सम्पादन गरेका कार्यहरु समेटी प्रदेश सभा नियमावली बमोजिम आज चौथो बार्षिक प्रतिवेदन सम्मानित प्रदेश सभामा पेश गर्न पाउँदा अत्यन्तै गौरवान्वित महसुस गरेको छु।

## माननीय सभामुख महोदय,

विभिन्न खालका नीतिगत, राजनीतिक, आर्थिक तथा पूर्वाधारको समस्याबाट गुज्रिरहेको हाम्रो उद्योग तथा पर्यटन व्यवसाय क्षेत्र विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारीका कारण सिर्जित बन्दाबन्दीले झनै थला परेको अवस्था छ। देशको व्यापार घाटा दिनानुदिन बढिरहेको छ। पेट्रोलियम पदार्थको बढ्दो मूल्यका कारण महंगीले गरीब जनताको ढाड सेकेको अवस्था छ। लाखौं युवाहरु रोजगारीका लागि विदेश पलायन भएका छन्। देशको अर्थतन्त्र जटिल समस्याबाट गुज्रिनु परेको छ। आर्थिक वृद्धिदर न्यून रहेको छ। यी सबै समस्याहरु देशको औद्योगिक विकाससँग जोडिएको हुन्छ। बागमती प्रदेश देशको राजधानी सहर काठमाडौं लगायतका प्रदेश राजधानी हेटौंडा र अन्य थुप्रै औद्योगिक प्रतिष्ठानहरु भएको सहरहरु भएको प्रदेश भएका कारण देशको औद्योगिक

विकास तथा समग्र आर्थिक विकासमा महत्वपूर्ण योगदान रहेको छ।त्यसैले ती समस्याहरु बागमती सरकारको लागि चुनौती तथा अवसर पनि हुन्।

बागमती प्रदेश पर्यटन उद्योगको प्रचुर सम्भावना रहेको प्रदेश पनि हो। यहाँको भौगोलिक, धार्मिक, सामाजिक, साँस्कृतिक विविधताहरु पर्यटकीय आकर्षणका पक्षहरु हुन्। विश्वसम्पदा सूचीमा सूचीकृत सम्पदाहरु मध्ये ८ वटा पर्यटकीय स्थलहरु लगायत अन्य धेरै पर्यटकीय गन्तव्यहरु यस प्रदेशभित्र रहका छन्। हाम्रो आर्थिक विकासमा एक महत्वपूर्ण हिस्सा ओगट्न सक्ने क्षेत्र पर्यटन भएको कारण यसको विकासमा बागमती प्रदेश सरकारको विशेष ध्यान जानेछ भन्ने विश्वास राखेको छु।

जलवायु परिवर्तन तथा जैविक विविधताको संरक्षण अहिलेको विश्वको जल्दोबल्दो मुद्दाहरु हुन्। वन तथा वातावरणको संरक्षण, विपद व्यवस्थापन लागयतका पक्षहरु दिगो विकासका लक्ष्यहरुसँग जोडिएका विषयहरु हुन्। भौतिक तथा आर्थिक विकासका साथै वातावरण संरक्षणको विषयमा पनि हाम्रो ध्यान जान सकेमा मात्र दिगो विकास सम्भव हुने भएकोले यस तर्फ सबै सरोकारवालाहरु जिम्मेवार हुनुपर्ने कुरा निवेदन गर्न चाहन्छु।

उद्योग-कलकारखाना, पर्यटन व्यवसाय तथा वाताबरण एक-आपासमा अन्तरसम्बन्धित विषयहरु हुन्। औद्योगिक उत्पादनहरु पर्यटन व्यवसायमा आवश्यक हुन्छन् भने पर्यटन विकासले औद्योगिक विकासमा महत्वपूर्ण योगदान गर्दछ। पर्यटन व्यवसाय आफैं पनि उद्योग व्यवसाय पनि हो। औद्योगिक विकास सँगसँगै वन तथा वातावरणको संरक्षण र संवर्द्धन गर्न सके मात्र दिगो विकास सम्भव हुन्छ। पर्यटन विकासको लागि त झन वन तथा वातावरणको संरक्षण र संवर्द्धन अति महत्वपूर्ण हुन्छ।

**सभामुख महोदय,**

उद्योग, पर्यटन तथा वातावरण समितिले औद्योगिक विकास, पर्यटन विकास तथा वातावरण संरक्षण र उपभोक्ता हित संरक्षणको लागि आफ्नो कार्यक्षेत्रभित्रका मन्त्रालय तथा निकायहरुलाई समय समयमा निर्देशन तथा सुझावहरु दिएका छन्। ती मध्ये केही कार्यान्वयन भएका छन् भने केही कार्यान्वयन हुन बाँकी रहेका छन्।आगामी दिनमा कार्यान्वयन भएका सुझाव तथा निर्देशनहरुले निरन्तरता पाउने र कार्यान्वयन हुन बाँकी रहेका निर्देशन तथा सुझावहरु कार्यान्वयन हुँदै जाने विश्वास लिएको छु।

**अन्त्यमा,**

समितिको हरेक कार्यमा सहयोग गर्दै औपचारिक, अनौपचारिक बैठक र छलफलहरुमा अमूल्य विचार दिनुहुने समितिका सदस्यहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहान्छु। उप-समितिको जिम्मेवारी सफलता पूर्वक निर्वाह गर्ने माननीयज्यूहरुलाई विशेष धन्यवाद दिन चाहन्छु। आगामी दिनहरुमा पनि समितिको कार्यलाई प्रभावकारी बनाउन माननीयज्यूहरुको सक्रिय भूमिकाको अपेक्षा गर्दछु। प्रदेश सभाका माननीय सभामुखज्यू तथा उपसभामुखज्यूबाट निरन्तर प्राप्त भएका मार्गदर्शन प्रति विशेष आभार प्रकट गर्दछु। समिति तथा उप-समितिका कामलाई सरल बनाउन भूमिका खेल्ने प्रदेश सभाका सचिव तथा समितिका सचिव लगायतका कर्मचारीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु साथै आगामी दिनमा समेत सबैबाट सहयोग र उचित सुझावको अपेक्षा गर्दछु। धन्यवाद।

**२०७९ साल जेष्ठ महिना ३१ गते।**

**रमा आले मगर**
**सभापति**
**बागमती प्रदेश सभा**
**उद्योग, पर्यटन तथा वातावरण समिति**
**हेटौंडा, नेपाल**

# विषयक्रम


| | | | |
|---|---|---|---|
| **परिच्छेद -१ प्रारम्भिक** | | | **१-४** |
| | १.१ | पृष्ठभूमि | १ |
| | १.२ | समितिको गठन | २ |
| | १.३ | समितिको कार्यक्षेत्र, काम, कर्तव्य र अधिकार | २ |
| | १.४ | समिति सचिवालय | ४ |
| **परिच्छेद - २ समितिको विगतका सुझाव तथा निर्देनहरुको कार्यन्वयनको अवस्था र मन्त्रालयगत सुझावहरु** | | | **५-१७** |
| **परिच्छेद - ३ समितिको बैठकका निर्णयहरु** | | | **१८-२४** |
| **परिच्छेद - ४ समितिका विभिन्न कार्यक्रमका प्रतिवेदनहरु** | | | **२५-४२** |
| **परिच्छेद - ५ उपसमितिहरुका प्रतिवेदनको संपादित अंश** | | | **४३-६२** |
| **परिच्छेद - ६ आगामी दिनमा ध्यान दिनुपर्ने पक्षहरुः** | | | **६३-६४** |
| अनुसूची १ | | बागमती प्रदेश सभाको उद्योग, पर्यटन तथा वातावरण समितिको कार्यविधि, २०७५ | ६५-६९ |
| अनुसूची २ | | समितिको बैठकमा माननीय सदस्यहरुको उपस्थिति विवरण | ७० |
| अनुसूची ३ | | उद्योग, पर्यटन तथा वाताबरण समितिको सदस्यहरुको विवरण | ७१ |
| अनुसूची ४ | | विभिन्न अवसरमा लिइएका समितिका तस्बीरहरु | ७२-८० |

# परिच्छेद - १

# प्रारम्भिक

## १.१ पृष्ठभूमिः

कार्यपालिकालाई व्यवस्थापिका प्रति उत्तरदायी र जवाफदेही बनाउन तथा कार्यपालिकाबाट भए गरेका हरेक काम कारवाहीको अध्ययन, अनुगमन र मूल्याङ्कनका साथै सरकारले समय समयमा जनाएका प्रतिबद्धताहरु कार्यान्वयनको लागि सरकारको निगरानी गरि आवश्यक निर्देशन तथा राय सुझाव दिन व्यबस्थापिकामा विभिन्न विषयगत समितिहरु गठन हुने प्रावधान रहेको हुन्छ। नेपालको संविधानको धारा १९३ मा प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न प्रदेश सभाले नियमावली बमोजिम आवश्यकता अनुसार समिति वा विशेष समिति गठन गर्न सक्ने व्यवस्था रहेको छ । साथै बागमती प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ मा प्रदेश सरकारलाई प्रदेश सभा प्रति उत्तरदायी र जवाफदेही बनाउन, प्रदेश सरकारबाट भए गरेका कामकारबाहीको अनुगमन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिनका लागि व्यवस्था गरिएका पाँच वटा विषयगत समितिहरु मध्ये उद्योग, पर्यटन तथा वाताबरण समिति पनि एक रहेको छ। बागमती प्रदेश सरकार अन्तर्गत रहेको वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र संस्कृति तथा पर्यटन मन्त्रालयलाई प्रदेश सभाप्रति बढी उत्तरदायी र जवाफदेही बनाउन प्रदेश मन्त्रालयबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्याङकन गरी आवश्यक निर्देशन एवम् राय सल्लाह समेत दिनका लागि प्रदेश सभामा उद्योग, पर्यटन, तथा वातावरण समिति गठन भएको छ।

यस समितिको कार्यक्षेत्र अन्तर्गत वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र संस्कृति तथा पर्यटन मन्त्रालय साथै अन्तर्गतका निकायहरु रहेका छन्। यिनै निकायहरुको स्रोत परिचालन, व्यवस्थापन र अरु यस्तै विभिन्न कृयाकलापको मूल्याङकन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन सहितको वार्षिक प्रतिवेदन प्रदेश सभामा पेश गर्ने जिम्मेवारी यस समितिको रहेको छ।

उद्योग तथा पर्यटन व्यवसायलाई जीविकोपार्जनको माध्यम बनाउने तर वातावरण संरक्षणमा ध्यान नपुऱ्याउने हो भने दिगो विकासका लक्ष्य हासिल गर्न सकिदैन। विकास र वातावरणबीच समुचित सन्तुलन कायम गर्नका लागि विकाससँगै वातावरणीय प्रभाव र असरका बारेमा अध्ययन, अनुगमन र ठोस कार्य गर्ने व्यवस्था मिलाउनु पर्ने हुन्छ। अघिल्लो वर्ष कोरोना भाईरस र बन्दाबन्दीको कारण सबैभन्दा धेरै असर औद्योगिक क्षेत्रमा संलग्न मजदुरहरुलाई परेको थियो। हाल कोभिड महामारीको सन्त्रास नरहे पनि कोभिड महामारीले थलिएका उद्योग, व्यवसाय तथा पर्यटन क्षेत्र उकास्नका लागि बागमती प्रदेश सरकारले विशेष योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

## १.२ समितिको गठनः

नेपालको संविधानको धारा १९३ मा प्रदेशमा विषयगत समिति गठन गर्ने व्यवस्था भए बमोजिम प्रदेश सभा नियमावली, २०७४ को नियम १४५ र १४६ ले व्यवस्था गरे अनुसार समिति वा विशेष समिति गठन गर्न सक्नेछ। सोही संवैधानिक व्यवस्था बमोजिम प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ अनुसार प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न, प्रदेश सरकारलाई प्रदेश सभा प्रति उत्तरदायी र जवाफदेही बनाउन, प्रदेश सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन तथा मूल्याङकन गरी आवश्यक निर्देशन वा राय सल्लाहका लागि प्रदेश सभामा विभिन्न विषयगत समिति गठन भएका छन्। त्यस मध्ये उद्योग, पर्यटन तथा वातावरण समिति मिति २०७४ फागुन १५ गते बसेको बैठकको सहमती बमोजिम माननीय सभामुखज्यूबाट सदस्यहरुको मनोनयन भए अनुसार गठन भएको छ। हाल यस समितिमा सभापती माननीय श्री रमा आले मगर सहित १५ जना सदस्यहरु हुनुहुन्छ।

समामुखले कार्यव्यवस्था परामर्श समितिको परामर्शमा नियम १४६ बमोजिम समितिमा बढिमा २२ जना सदस्यहरु प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका सदस्य संख्या, महिला, दलित, आदिवासी जनजाती, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, खस आर्य तथा अन्य समुदायको सममानुपातिक प्रतिनिधित्व हुने गरी मनोनयन गर्नुपर्ने व्यवस्था रहेको छ।

## १.३ समितिको कार्यक्षेत्र, काम, कर्तव्य र अधिकारः

प्रदेश सभा नियमावली, २०७४ को नियम १५१ मा व्यवस्था गरिए बमोजिम उद्योग, पर्यटन तथा वातावरण समितिको काम, कर्तव्य र अधिकार निम्नानुसार रहेको छः

- मन्त्रालय, विभाग र अन्तर्गतका निकायको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरू यस्तै क्रियाकलापको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने।
- मन्त्रालय, विभाग र अन्तर्गतका निकायको राजस्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरिका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा के कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफ्नो राय सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने।

- मन्त्रिपरिषदका सदस्यले बैठकमा उद्योग, पर्यटन तथा वातावरणसँग सम्बन्धित रहेर समय–समयमा दिएका आश्वासनलाई पूरा गर्न प्रदेश सरकारद्वारा के–कस्ता कदम उठाइएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने।
- उद्योग, पर्यटन तथा वातावरण समितिसँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए/नभएको अध्ययन, अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने।
- प्रदेश सरकारद्वारा प्रचलित ऐन, नियम अनुरुप काम भए गरेको छ वा छैन भन्ने विषयमा मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने।
- प्रदेश सरकारद्वारा समय–समयमा गठन हुने छानबिन आयोग, समिति र जाँचबुझ आयोग, समितिद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने।
- मन्त्रालय, विभाग र अन्य निकायबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्याङ्कन गरी सो सम्बन्धमा आवश्यक निर्देशन दिने।
- बैठकले सुम्पेको अन्य काम गर्ने।
- समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधीनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने।
- छलफलमा थप विषयवस्तुको जानकारी आवश्यक परेमा विज्ञ तथा विशेषज्ञहरुलाई आमन्त्रण गर्ने।
- उद्योग, पर्यटन तथा वातावरण समितको कार्यक्षेत्रभित्र पर्ने मन्त्रालय र निकायसँग सम्बन्धित प्रत्यायोजित व्यवस्थापन सम्बन्धी र सभाले दफावार छलफलका लागि पठाएका विधेयक उपर दफावार छलफल गरी सो सम्बन्धी प्रतिवेदन सभामा पेश गर्ने।
- समितिले बैठकमा प्रस्तुत गर्नु पर्ने वार्षिक प्रतिवेदन वार्षिक अनुमान पेश हुनु अगावै र अरू प्रतिवेदन जुन सुकै समयमा प्रस्तुत गर्न सक्नेछ।

## १.४ उद्योग, पर्यटन तथा वातावरण समितिको सचिवालयः

प्रदेश सभा नियमावली, २०७४ को नियम १६२ मा समितिको सचिवालय सम्बन्धी व्यवस्था रहेको छ। प्रदेश सभा सचिवालय अन्तर्गत समिति सचिवालय रहनेछ। प्रदेश सभाका सचिव प्रत्येक समितिको पदेन सचिव हुनेछ। सचिवले आफू मातहतका अधिकृतलाई सभाको कुनै समितिको सचिव भई काम गर्न तोक्न सक्नेछ। सचिवले समितिको कार्य सम्पादनमा सहयोग पुऱ्याउन सम्बन्धित मन्त्रालय, विभाग वा निकायसँग आवश्यक जानकारी माग्न सक्नेछ।हाल यस समितिको सचिवालयमा कार्यरत कर्मचारीहरुको विवरण निम्न बमोजिम रहेका छन्।

| क्र.सं. | नाम थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | श्री बाबुराम मगर | समिति सचिव | ९८४११४८४२५ |
| २ | श्री राधेश्याम लामिछाने | अधिकृत छैठौं | ९८४५३१६११० |
| ३ | श्री सुशान्त महत | माइक अपरेटर | ९८४५७८२५६० |
| ४ | श्री रिपेश दाहाल | क. अपरेटर | ९८५५०६७७८२ |
| ५ | श्री सुशिला भट्टराई | का.स. | ९८४५२३६७७४ |

# परिच्छेद — २

## समितिको विगतका सुझाव तथा निर्देनहरुको कार्यन्वयनको अवस्थाः

उद्योग, पर्यटन तथा वातावरण समितिले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विधेयकहरु माथि दफावार छलफल गरी कानून तर्जुमामा महत्वपूर्ण भूमिका निर्वाह गर्नुका साथै कार्यक्षेत्रभित्र पर्ने मन्त्रालयहरु तथा निकायहरुको अनुगमन र मूल्याङ्कन गरी विभिन्न समयमा सुझाव र निर्देशनहरु दिँदै आएको छ। समितिले बागमती प्रदेश भित्र औद्योगिक विकास, पर्यटन विकास तथा वातावरणको संरक्षण र प्रवर्द्धनमा चासो राख्दै आएको छ। प्रदेशभित्र रहेका औद्योगिक प्रतिष्ठान तथा पर्यटकीय क्षेत्र लगायत वनहरुको समेत अवलोकन भ्रमण गरी सरोकारवालाहरुसँग वृहत छलफल गरी सुझाव तथा निर्देशन सहितका प्रतिवेदनहरु गरेको छ।

यस समितिको कार्यक्षेत्र अन्तर्गत उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालय, संस्कृति तथा पर्यटन मन्त्रालय र वन तथा वातावरण मन्त्रालयका साथै उपभोक्ता हित संरक्षणका विषयहरु रहेका छन्। समितिले आफ्नो काम कारबाहीलाई सरल ढंगले संचालन गर्न चार वटा उप-समितिहरुः उद्योग, उपभोक्ता हीत संरक्षण तथा आपूर्ति उप-समिति, पर्यटन उप-समिति, वाताबरण तथा विज्ञान उप-समिति र वन उप-समिति गठन गरी कार्य गर्दै आएको छ। ती उप-समितिहरुले आफ्नो कार्यक्षेत्रभित्रका कार्यहरु गर्दै ति कार्यहरुको प्रतिवेदन समेत गर्दै आइरहेका छन्। उद्योग, पर्यटन तथा वातावरण समितिले वर्षभरी सम्पादन गरेका कार्यहरुलाई समेटेर वार्षिक प्रतिवेदन प्रकाशन गर्दै आएको छ। हालसम्म तीन वटा वार्षिक प्रतिवेदन प्रकाशन भएका छन्। विगतका ती प्रतिवेदनहरुले अन्तर्गतका मन्त्रालय तथा निकायहरुलाई विभिन्न निर्देशन तथा सुझावहरु दिएका छन्। समितिले यो चौथो वार्षिक प्रतिवेदनको तयारी गर्दै गर्दा विगतका प्रतिवेदनहरुले औंल्याएका सुझावहरु कार्यान्यिन भए वा नभएको बारे पनि समिक्षा गर्नु सान्दर्भिक हुन्छ। हालसम्म समितिले गरेका महत्वपूर्ण निर्देशन तथा सुझावहरु र तिनको कार्यान्वयनको अवस्था देहाय बमोजिम रहेको छ।

## समितिले विगतमा गरेका निर्देशन तथा दिएका सुझावहरुको कार्यान्वयनको अवस्था

### पहिलो वार्षिक प्रतिवेदनमा समाविष्ट सुझाव तथा निर्देशनहरुको कार्यान्वयनको अवस्थाः

| मिति २०७५ ज्येष्ठ १३ गतेको निर्णयबाट मध्येवर्ती क्षेत्र व्यवस्थापन समितिलाई दिएको निर्देशन तथा सुझावहरुको कार्यान्वयनको अवस्थाः | | | |
|---|---|---|---|
| **क्र.सं.** | **निर्देशन/सुझावहरु** | **कार्यान्वयनको अवस्था** | **कैफियत** |
| १ | घाइतेको उपचार पूर्ण रुपमा निःशुल्क गर्ने | क्षतिपूर्तिको व्यवस्था भएको | |
| २ | समितिमा महिलाहरुको प्रतिनिधित्व सुनिश्चित गर्ने | हालसम्म नभएको | |
| ३ | राप्ती खोलामा गाडी सफा गर्दा खोलामा रहेको गोहीलाई प्रत्येक्ष असर परेकोले सो कार्य रोक्ने | आंशिक कार्यान्वयन भएको | |
| ४ | निकुञ्जमा रहेका जनावरबाट मृत्यु भएका अभिभावको बालबच्चाको लालनपालन सरकारले गर्ने | हालसम्म नभएको | |
| | | | |
| २०७५ भाद्र २१ गतेको निर्णयबाट नारा (NARA) लाई दिइएका सुझावहरुको कार्यान्वयनको अवस्थाः | | | |
| **क्र.सं.** | **निर्देशन/सुझावहरु** | **कार्यान्वयनको अवस्था** | **कैफियत** |
| १ | नदि सम्बन्धी ऐन बनाउने | ऐन नबनेको | |
| २ | खोलाको छेउमा रहेका होटलहरु बन्द गराउने | बन्द नभएको | |
| ३ | खोलामा फोहोर फ्याँक्न बन्द गराउने | आंशिक कार्यान्वयन भएको | |
| | | | |

| २०७५ भाद्र २९ गतेको निर्णयबाट पर्यटन व्यवसायसँग सम्बन्धित प्रदेश कानून तर्जुमा विषयमा दिइएका सुझावहरुको कार्यान्वयनको अवस्थाः | | | |
|---|---|---|---|
| **क्र.सं.** | **निर्देशन/सुझावहरु** | **कार्यान्वयनको अवस्था** | **कैफियत** |
| १ | हिमाल आरोहण सम्बन्धी विद्यालय खोल्ने | कार्यान्वयन नभएको | |
| २ | सरकारले हिमाल आरोहण गाइडलाई प्रोत्साहित गर्ने कार्यक्रम बनाउने | कार्यान्वयन भएको | |
| ३ | व्यवसायीले एकद्वार प्रणालीबाट कर तिर्ने व्यवस्था गर्ने | कार्यान्वयन भएको | |
| ४ | पर्यटन ऐन यथाशिघ्र निर्माण गर्ने | निर्माण भएको | |
| ५ | पर्यटन व्यवसायीहरुले पर्यटन गाइड आचार संहिताको पालना गर्ने | आंशिक कार्यान्वयन भएको | |

## दोस्रो वार्षिक प्रतिवेदनमा समाविष्ट सुझाव तथा निर्देशनहरुको कार्यान्वयनको अवस्था

### मिति २०७६/०९/२२ को निर्णयबाट उद्योग, पर्यटन तथा वातावरण मन्त्रालयलाई दिइएका सुझावको सम्बन्धमाः

| **क्र.सं.** | **निर्देशन/सुझावहरु** | **कार्यान्वयनको अवस्था** | **कैफियत** |
|---|---|---|---|
| १ | भ्रमण वर्ष २०२० को सन्दर्भमा | ----- | भ्रमण वर्ष स्थगित भएको |

### मिति २०७६/१०/२८ गतेको निर्णयबाट पशुपतिनाथको मन्दिरको जलहरी परिवर्तनको सन्दर्भमा दिइएको निर्देशनको कार्यान्वयनको अवस्थाः

| क्र.सं. | निर्देशन/सुझावहरु | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|
| १ | पशुपति क्षेत्र विकास कोषले पशुपतिनाथको मन्दिरमा चाँदिको जलहरीको सट्टा सुनको जलहरी लगाउने कार्य सुरु गरेकोले सो सम्बन्धमा कोषलाई पत्राचार गरी कोषका पदाधिकारीसँग छलफल गर्ने । | सुनको जलहरी नै लगाइएको | |

### मिति २०७७/०१/२५ गते समितिका सभापति माननीय रमा आले मगरज्यूले बागमती प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र उद्योग, पर्टन, वन तथा वातावरण मन्त्रालयलाई पत्राचार गरी राय तथा निर्देशन दिइएको सम्बन्धमाः

| क्र.सं. | निर्देशन/सुझावहरु | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|
| १ | कोरोना महामारीको बन्दाबन्दिबाट प्रभावित उद्योग व्यवसायलाई अल्पकालीन तथा दीर्घकालीन राहतको लागि बागमती प्रदेश सरकारले संघीय सरकारमा पहल गर्नुपर्ने | अल्पकालीन राहको व्यवस्था भएको तर दीर्घकालीन नभएको | |
| २ | पर्यटन क्षेत्रलाई सघाउ पुऱ्याउन प्रदेश सरकारले आन्तरिक भ्रमण प्याकेज घोषणा गर्नुपर्ने | प्रदेश निजामति कर्मचारी पर्यटन काजको व्यवस्था भएको | |
| ३ | प्रदेशको खनिज पदार्थ पहिचान तथा उपयोगको लागि कानून निर्माण गर्ने | उद्योन ऐन मार्फत आंशिक कार्यान्वयन भएको | |
| ४ | नाङ्गा डाँडाहरुको पहिचान गरी पार्क निर्माण गर्ने | अध्ययन तथा प्रतिवेदन भएको | |
| ५ | स्वास्थ्य सुरक्षाका लागि सीमानामा कडाइ, पिसिआर टेस्ट गरी सरल ढंगले स्वास्थ्य सेवा पाउने व्यवस्था गर्ने | कार्यान्वयन भएको | |

| | | | |
|---|---|---|---|
| ६ | प्रदेश राहत कोषको रकम आवश्यकता र मागको आधारमा स्थानीय तहमा पठाउने | रकम पठाइएको | |
| ७ | श्रमिकको अभिलेखको लागि स्थायी अभिलेख सृजना गर्ने | कार्यान्वयन नभएको | |

## दोस्रो वार्षिक प्रतिवेदनले समग्रमा सिफारिस गरेका सुझावहरुः

| क्र.सं. | निर्देशन/सुझावहरु | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|
| १ | सहकारी संस्थाले उद्योग व्यवसाय संचालन गर्न सक्ने | उद्योग संचालन गर्न सक्ने | |
| २ | उद्योग दर्ता शुल्क छुट गर्ने | कार्यान्वयन भएको | |
| ३ | प्रदेश भित्रका निकायले स्वदेशी उत्पादन उपभोगका लाग प्राथमिकता दिने | कार्यान्वयन नभएको | |
| ४ | उद्योग सँग सम्बन्धित कारोबारलाई अनलाईन बनाउने | आंशिक रुपमा भएको | |
| ५ | प्रत्येक स्थानीय तहमा एक उद्योग ग्राम निर्माण गर्ने | प्रकृयामा रहेको | |
| ६ | उद्योग व्यवसायीलाई अल्पकालीन तथा दीर्घकालीन राहतको व्यवस्था गर्ने | अल्पकालीन भएको दीर्घकालीन नभएको | |
| ७ | विद्युत गृहका लागि निर्माण भएका जलाशयहरुमा बोटिङ संचालन गर्ने | कार्यान्वयन भएको | |
| ८ | पर्यटन विकासका लाग सहयोग समिति गठन गर्ने | कार्यान्वयन भएको | |
| ९ | वन तथा वातावरणको संरक्षणका साथै वनलाई समुदायको आम्दानीसँग पनि लिङ्क गर्ने | सुरुवात भएको | |
| १० | विद्युतीय गाडीलाई प्रोत्साहन गर्ने | कार्यान्वयन भएको | |
| ११ | शहरमा प्रवेश गर्ने गाडी नाकाहरुमा नै धुने व्यवस्था गर्ने | कार्यान्वयन नभएको | |

| | | | |
|---|---|---|---|
| १२ | सवारी प्रदुषण चेक गर्ने व्यवस्था गर्ने | कार्यान्वयन भएको | |
| १३ | प्रदुषण कम गर्न उद्योग कलकारखानालाई बस्ती भन्दा पर स्थानान्तरण गर्ने | कार्यान्वयन नभएको | |
| १४ | सडक पेटी हरियाली कायम गर्ने | आंशिक रुपमा भएको | |
| १५ | व्यवस्थित सहरी पूर्वाधार विकासमा जोड दिने | जोड दिइएको | |
| १६ | फोहोरमैलाको उचित व्यवस्थापन गर्ने | नीतिगत रुपमा व्यवस्था भएको | |
| १७ | स्थानीय स्तरमा सरसफाइ कार्यक्रम संचालन गर्ने | कार्यान्वयन भएको | |

## तेस्रो वार्षिक प्रतिवेदनमा समाविष्ट सुझाव तथा निर्देशनहरुको कार्यान्वयनको अवस्थाः

| **क्र.सं.** | **निर्देशन/सुझावहरु** | **कार्यान्वयन भएको/ नभएको** | **कैफियत** |
|---|---|---|---|
| १ | मिति २०७७/०३/१९ को निर्णयबाट आ.व. ०७६/७७ र ०७७/७८ मा उद्योग, पर्यटन र वन तथा वातारवण मन्त्रालय अन्तर्गत विनियोजित बजेट मन्त्रालय सँग माग गर्ने | विवरण माग गरिएको | |
| २ | मिति २०७७/०५/२८ को निर्णयबाटः<br>१) कोरोना महामारिको कारण जनजीवन कष्टकर हुने देखिएकोले नागरिकलाई सहयोग पुऱ्याउन प्रदेश सरकारले अविलम्ब कानून निर्माण गर्ने,<br>२) समिति अन्तर्गतका मन्त्रालय र निकायहरुसँग योजना कार्यान्वयनको विस्तृत कार्यतालिका र कार्य प्रगती विवरण माग गर्ने,<br>३) बाढीपीडितहरुलाई उचित राहत सहित वैकल्पिक बसोबासको व्यवस्था साथै एकीकृत बस्ती निर्माण गरी जोखिमयुक्त बस्तीहरु स्थानान्तरण गर्न प्रदेश सरकारको ध्यानाकर्षण गराउने | कार्यान्वयन भएको | |

| | | | |
|---|---|---|---|
| ३ | मिति २०७७/१२/२३ को निर्णयबाट संसद सचिवालयमा पुस्तकालय स्थापना गर्न सचिलालयका सचिवलाई निर्देशन गर्ने | कार्यान्वयन भएको | |
| ४ | मिति २०७७/१२/२४ को निर्णयबाट मन्त्रालयको प्रगती प्रतिवेदन निर्देशिका नियमावली र कार्यविधि समिति एवं सचिवालयलाई माग गर्ने | कार्यान्वयन भएको | |
| **वातावरण उपसमितिका सुझावहरुको कार्यान्वयनको अवस्था** | | | |
| **क्र.सं.** | **निर्देशन/सुझावहरु** | **कार्यान्वयन भएको/ नभएको** | **कैफियत** |
| १ | सडक खन्ने, मर्मत गर्ने, पाइप लाइन विछ्याउने, पिच गर्ने जस्ता कार्य गर्नका लागि अन्तरसम्बन्धित निकायहरुबीच समन्वयात्मक भूमिका खेल्न एउटा स्थायी निकाय वा छुट्टै सार्वजनिक निर्माण विभाग स्थापना गर्ने | कार्यान्वयन नभएको | |
| २ | २० वर्षे सवारी साधन सञ्चालन गर्न निषेध कार्यलाई निरन्तरता दिने र अत्यधिक धुवाँ फाल्ने सवारी साधन विना मर्मत प्रयोग निषेध गर्ने | कार्यान्वयन भएको | |
| ३ | फोहोर व्यवस्थापन गर्न जैविक-अजैविक फोहोर छुट्याउने व्यवस्था गर्ने, उचित ठाउँमा विसर्जन गर्ने, प्लाष्टिक जन्य झोलाहरु प्रयोग निषेध गर्ने | आंशिक कार्यान्वयन भएको | |
| ४ | वातावरण प्रदूषणबाट स्वास्थ्यमा क्षति पुग्ने व्यक्तिको सरकारले निःशुल्क उपचारको व्यवस्था गर्ने | कार्यान्वयन नभएको | |
| ५ | सडक किनाराम रहेका सरकारी भवन तथा खाली जग्गामा अनिवार्य रुपमा वृक्षारोपण गर्ने | आंशिक कार्यान्वयन भएको | |
| ६ | विद्युतबाट चल्ने सवारी साधनमा भन्सार छुट गर्ने | आंशिक कार्यान्वयन भएको | |
| ७ | साइकल मैत्री सडक निर्माण गर्ने | कार्यान्वयन नभएको | |

| पर्यटन उपसमितिका सुझावहरुको कार्यान्वयनको अवस्था | | | |
|---|---|---|---|
| *पर्यटन उद्योग व्यवसायलाई प्रदान गरिने राहत र पर्यटन क्षेत्रको विकास का लागि गर्नुपर्ने कार्यहरुः* | | | |
| *तत्काल गर्नुपर्ने कार्यहरु* | | | |
| १ | व्यवसया सञ्चालन गर्न लिएको ऋणको व्याजदरमा छुट | कार्यान्वयन नभएको | |
| २ | पर्यटन उद्योग सञ्चालनको लागि थप कर्जाको व्यवस्था गर्ने | व्यवस्था भएको | |
| ३ | कर बुझाउने हदम्याद थप गर्ने | कार्यान्वयन भएको | |
| ४ | व्यवसाय नविकरणको लागि थप समयको व्यवस्था गर्ने | कार्यान्वयन भएको | |
| ५ | पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्न आन्तरकि भ्रमण प्याकेज घोषणा गर्ने | कार्यान्वयन भएको | |
| *दीर्घकालमा गर्नुपर्ने* | | | |
| १ | बोटिङको प्रवर्द्धन गर्ने | कार्यान्वयन भएको | |
| २ | पर्यटन व्यवसया संचालनका लागि बगर बहालमा दिने | आंशिक कार्यान्वयन भएको | |
| ३ | विद्युत गृहको जलाशयमा बोटिङको सञ्चालन गर्ने | कार्यान्वयन भएको | |
| ४ | सरकारी स्वामित्वको जग्गाम पर्यटकीय गतिविधि सञ्चालन | कार्यान्वयन भएको | |
| ५ | स्की सञ्चालनको लागि अध्ययन गर्ने | कार्यान्वयन नभएको | |
| ६ | अफ-सिजनको लागि प्याकेज सञ्चालन | कार्यान्वयन नभएको | |
| ७ | धार्मिक पर्यटनको लागि उपयुक्त संयन्त्र निर्माण | कार्यान्वयन नभएको | |
| ८ | पर्यटकीय क्षेत्र विकासका लागि सहयोग समिति गठन | कार्यान्वयन नभएको | |
| ९ | समुदायलाई जिम्मा | आंशिक कार्यान्वयन भएको | |
| १० | पर्यटक/ औद्योगिक करिडोर निर्माण | आंशिक कार्यान्वयन भएको | |

| | | | |
|---|---|---|---|
| ११ | अधिकार सम्पन्न संरचना र एकद्वार प्रणालीबाट अनुगमन | भएको | |
| १२ | हरियाली सडक निर्माण र पर्यटकको लागि सवारी यात्रा | आंशिक रुपमा कार्यान्वयन भएको | |
| १३ | पर्यटन मैत्री कानून निर्माण | कार्यान्वयन भएको | |
| **सिन्धुपाल्चोकको बाढीपहिरोको स्थलगत अनुगमन प्रतिवेदनका सुझावहरुको कार्यान्वयनको अवस्था** | | | |
| १ | बाह्रविसे न.पा. वडा नं. ५ को सबै बस्ती अति जोखिममा रहेकोले तत्काल बस्ती स्थानान्तरण गर्नुपर्ने | स्थानान्तरण भएको | |
| २ | राहतमा खाद्यान्न मात्र नभएर अन्य राहतको पनि व्यवस्था हुनुपर्ने | कार्यान्वयन भएको | |
| ३ | प्राविधिक अध्ययन तथा निरीक्षण गरी सो स्थान बसोबासको लागि योग्य भए नभएको यकिन गर्ने | कार्यान्वयन नभएको | |
| ४ | प्रभावित क्षेत्रका बासिन्दाहरुको शिक्षा, खाद्यान्न र उचित बसोबासलाई यथासमयमा व्यवस्थापन गरी मानवोचित जीवन जिउन पाउने कुराको प्रत्याभूति गर्ने | कार्यान्वयन भएको | |

**निश्कर्ष तथा सुझावहरुः**

उद्योग, पर्यटन तथा वातावरण समिति तथा उप-समितिहरुले विगतमा अन्तर्गतका मन्त्रालय तथा निकायहरुको कार्यलाई सूक्ष्म रुपमा अध्ययन गरी आवश्यकता बमोजिम समय समयमा मौखिक तथा पत्राचार मार्फत निर्देशन तथा सुझावहरु प्रस्तुत गरेका छन्। साथै वार्षिक प्रतिवेदनहरुबाट पनि महत्वपूर्ण सुझाव र निर्देशनहरु दिएका छन्। ती निर्देशन तथा सुझावहरु मध्ये कतिपय कार्यान्वयन भएका छन् भने कतिपय आंशिक कार्यान्वयन र कुनै सुझावहरु कार्यान्वयन भएका छैनन्। कार्यान्वयन भएका निर्देशन र सुझावहरुलाई निरन्तरता दिन तथा कार्यान्वयन नभएका निर्देशन र सुझावहरुलाई कार्यान्वयन गर्दै जानुपर्ने देखिन्छ। संघीय शासन व्यवस्थालाई संस्थागत गर्दै प्रदेश सरकारको औचित्य पुष्टि गर्न तथा दायित्व पूरा गर्न आगामी दिनमा यस समिति अन्तरगतका मन्त्रालयहरुले देहाय बमोजिम गर्नुपर्ने आवश्यकता देखिन्छ।

**मन्त्रालयगत सुझावहरुः**

**उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालयः**

- ❖ प्रदेशभित्र वस्तु तथा सेवाको उत्पादन, प्रवाह र आपूर्तिलाई सहज र सरल बनाउन आवश्यक व्यवस्था गर्ने।
- ❖ प्रदेशभित्र संचालित सबै किसिमका औद्योगिक प्रतिष्ठानहरुको अध्यावधिक तथ्याङ्क तयार गर्ने।
- ❖ मन्त्रालय तथा अन्तरगतका निकायमा आवश्यक जनशक्ति व्यवस्थापन गर्ने, रिक्त दरबन्दी समयमा पदपूर्ति प्रकृया अगाडी बढाउने।
- ❖ बागमती प्रदेशभित्रका तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तारद्वारा निर्यात प्रर्वद्धन गरी वस्तु तथा सेवाको बजार विविधिकरण र विस्तार गर्ने।
- ❖ कालाबजारी, एकाधिकार, कृत्रिम अभाव, प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको अन्त्य गरेर, अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई ब्यापारिक स्वच्छता र अनुशासन कायम गरेर उपभोक्ता हित संरक्षण गर्ने, यसको लागि समय समयमा बजार अनुगमन गर्ने, चाडपर्वको समयमा बजारको नियमित तथा छड्के अनुगमन गर्ने।
- ❖ स्वदेशी लगानीलाई प्रोत्साहन र वैदेशिक पूँजी तथा प्रविधि लगानीलाई आकर्षित गर्ने नीति अवलम्बन गर्ने,
- ❖ अन्तर प्रदेश तथा प्रदेश र संघबीच समन्वय गरी औद्योगिक करिडोर, विशेष आर्थिक क्षेत्र, राष्ट्रिय परियोजना विदेशी लागनीका परियोजनामा विशेष ध्यान दिई आर्थिक विकास गर्ने।
- ❖ उपभोक्ता हित संरक्षण गर्न आवश्यक नीति निर्माण गर्ने तथा भएका नीति, ऐन, कानूनको प्रभावकारी कार्यान्वयन गर्ने ।
- ❖ गुणस्तरहीन वस्तु तथा सेवाबाट हानी पुगेका उपभोक्तालाई कानून बमोजिम क्षतिपूर्ति प्रदान गर्ने व्यवस्था गर्ने।
- ❖ प्रादेशिक अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र र उन्नतशिल बनाउन आवश्यक नीति तथा कार्यक्रम तय गर्ने।
- ❖ प्रदेशभित्र सञ्चालित औद्योगिक क्षेत्रभित्रका उद्योग प्रतिष्ठानहरुका उत्पादन क्षमता पहिचान गरी पूर्ण क्षमतामा सञ्चालन मार्फत उत्पादन र रोजगारी वृद्धि गर्ने व्यवस्था गर्ने।

- एक स्थानीय तथा एक उद्योग ग्राम स्थापनाको कार्यलाई अगाडी बढाउन आवश्यक सहजीकरण तथा समन्वय गर्ने।
- प्रदेश भित्र संचालित औद्योगिक प्रतिष्ठानहरुको अध्ययन, अवलोकन गरी ति प्रतिष्ठानहरुका समस्याहरुको पहिचान र समाधानको लागि आवश्यक कार्य गर्ने।

**संस्कृति तथा पर्यटन मन्त्रालयः**

- मन्त्रालय तथा अन्तरगतका निकायमा आवश्यक जनशक्ति व्यवस्थापन गर्ने, रिक्त दरबन्दी समयमा पदपुर्ति प्रकृया लगाडी बढाउने।
- मन्त्रालयले प्रदेश भित्रका प्रत्येक जिल्लाको सांसदसँगको छलफल, सरोकारपक्षको आशय तथा सर्वसाधारण पक्षको मागमा आधारित सुझावलाई समेटेर आयोजना/ कार्यक्रमको छनौट गर्ने।
- मन्त्रालयका लागि आवश्यक भौतिक पूर्वाधारः भवन लगायतको निर्माणको लागि प्रकृया अगाडी बढाउने।
- प्रदेशभित्र नविन पर्यटकीय गन्तव्य तथा सम्भाव्य पर्यटकीय गतिविधिहरुको पहिचान गरी वातावरण अनुकुल पर्यटन उद्योगको विकासमा आवश्यक पहल गर्ने।
- प्रदेशभित्रका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरुको पहिचान, संरक्षण, प्रवर्द्धन एवं प्रचार प्रसार गरी पर्यटन प्रवर्द्धन गर्ने।
- पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने ।
- प्रदेशभित्रका पर्यटकीय सम्भाब्यता अध्ययन गरि नमूना पर्यटकीय क्षेत्र निर्माण गर्ने ।
- पर्टकीय गतिविधिलाई बढावा दिने किसिमका आयोजना/कार्यक्रम सरोकारवालाहरुको समेत सहभागितामा छनौट गर्ने।
- कोभिड १९ को बन्दाबन्दीबाट प्रभावित पर्यटन उद्योगलाई पुनरुत्थान गर्नको लागि आवश्यक कार्यक्रमहरुको तय गरी कार्यान्वयन गर्ने।

**वन तथा वातावरण मन्त्रालयः**

- प्रदेशभित्र कायम रहेको वन जंगलको तथा जैविक विविधताको अवस्था बारे अध्यावधिक तथ्याङ्क तयार गर्ने।
- प्रदेशभित्रका नांगा डाँडापाखाहरुमा वृक्षारोपण कार्य संचालन गर्ने र वृक्षारोपणको लागि विदेशी रुख विरुवालाई भन्दा रैथाने प्रजातीका रुखविरुवालाई प्राथमिकता दिन।

- ❖ मन्त्रालयले प्रदेश भित्रका प्रत्येक जिल्लाको सांसदसँगको छलफल, सरोकारपक्षको आशय तथा सर्वसाधारण पक्षको मागमा आधारित सुझावलाई समेटेर आयोजना/ कार्यक्रमको छनौट गर्ने।
- ❖ मानव वन्यजन्तु द्वन्द कम गर्न आवश्यक उपायहरुको खोजी गरी कार्यान्वयन गर्ने।
- ❖ योजना तथा कार्यक्रम छनौट गर्दा वातावरण विदहरुको सल्लाह र सुझाव लिई वातावरणलाई कम क्षति हुने र अधिकतम लाभ प्राप्त हुने दिगो खालका छनौट गर्ने।
- ❖ वनलाई समुदायको आर्थिक उपार्जनसँग लिंक गर्न आवश्यक नीति तय गर्ने।
- ❖ प्रदेशभित्रको जैविक विविधताको संरक्षणमा आवश्यक कदम चाल्ने।
- ❖ वातावरणीय सन्तुलन कायम राख्न आवश्यक भूभागमा वनजंगल कायम राख्ने ।
- ❖ राष्ट्रिय बन, कबुलियती बन, निजी बन, धार्मिक बन, सामुदायिक बन, बैज्ञानिक बन क्षेत्रमा नयाँ प्रविधि सहित सचेतनामूलक कार्यक्रम अपनाई आर्थिक उपार्जन हुने तर्फ कार्यक्रम संचालन गर्ने ।
- ❖ संरक्षित प्रजातीका वनष्पति तथा पशुपञ्छीहरुको चोरी, शिकारी तथा तस्करीको कार्यलाई पूर्ण रुपमा नियन्त्रण गर्न आवश्यक पहल कदमी गर्ने।
- ❖ वातावरणीय प्रदुषण नियन्त्रण, विविध किसिमका फोहोरमैला व्यवस्थापनका लागि आवश्यक नीति तय गर्ने तथा स्थानीय तहसँग समन्वय गर्ने।
- ❖ औद्योगिक विकास तथा भौतिक संरचनाको विकास र विस्तार गर्दा वातावरणीय प्रतिकुल नहुने गरी गर्न सम्बन्धित सबै मन्त्रालय तथा निकायहरुसँग समन्वय गर्ने।
- ❖ पर्यावरणीय दिगो विकासका लक्ष्य तथा सूचकहरुको अवस्थाको सम्बन्धमा अध्ययन अनुसन्धान गरी सुधार गर्नुपर्ने पक्षहरुमा तुरुन्त पहलकमदी चाल्ने।
- ❖ प्रदुषण गर्नेले सो वापत दायित्व ब्यहोर्नु पर्ने नीतिलाई कार्यान्वयन गर्ने।
- ❖ प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनिकरण गर्न आवश्यक व्यवस्था गर्ने।
- ❖ समितिलाई मन्त्रालयको अद्यावधिक भएको प्रगति विवरण समयमै उपलब्ध गराई समस्या र सामाधानका उपाय अवगत गराउने।
- ❖ सरकारी तथा गैरसरकारी निकायबाट भित्रिने लगानीलाई प्रदेश सरकारको बजेटमा समावेश गर्ने तथा प्रदेश सरकारको पूर्व स्वीकृति लिएर मात्र कार्यक्रम संचालन गर्न अनुमति दिने।

- ❖ मन्त्रालय तथा अन्तरगतका निकायमा आवश्यक जनशक्ति व्यवस्थापन गर्ने, रिक्त दरबन्दी समयमा पदपुर्ति प्रकृया लगाडी बढाउने।
- ❖ जलवायु परिवर्तनबाट प्रदेश भित्रका विभिन्न पक्षमा परेको असरहरुको अध्ययन अनुसन्धान गरेर यसको असर कम गर्ने उपायहरुको खोजी गर्ने तथा अनुकूलनका कार्यक्रमहरु तयार गरी लागू गर्ने।

# परिच्छेद - ३

## समितिको बैठकको मिति, बैठकको संख्या र छलफलका निर्णयहरुः

| क्र सं | मिति समय | बैठक संख्या | निर्णयहरु |
|---|---|---|---|
| १ | २०७८/०२/१८ | ५४ | १. २०७७/०७८ को वार्षिक प्रतिवेदनको बारेमा बृहत छलफल पश्चात माननीयहरुले दिनुभएको महत्वपूर्ण सुझावहरुलाई समावेश गर्ने गरी सर्वसम्मतले पास गर्ने निर्णय गरियो। |
| २ | २०७८/०२/३० | ५५ | १. संघीय सरकारले निर्णय गरेको, ढुङ्गा, गिट्टी, बालुवा निकाल्ने निर्णय प्रति उद्योग, पर्यटन तथा बातावरण समितिको तर्फबाट संघीय सरकारलाई ध्यानाकर्षण गराउने निर्णय गरियो । |
| ३ | २०७८/०३/०७ | ५६ | १. बागमती प्रदेश अन्तर्गत रहेको सिन्धुपाल्चोक जिल्लामा गत असार १ गते मंगलबार साँझबाट परेको अविरल वर्षा पश्चात आएको बाढी तथा पहिरोको विपत्तीबाट भएको ठूलो जनधनको क्षतिको विषयमा उद्योग, पर्यटन तथा वातावरण समितिका सभापति माननीय रमा आले मगरको सभापतितत्व तथा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेशका माननीय मन्त्री सरेश नेपालज्यूको प्रमुख आतिथ्यता एवंम् समितिका माननीय सदस्यहरुको सहभागितामा भर्चुअल माध्यमबाट बैठक बसी सो प्रकोपबाट क्षतिग्रस्त मेलम्ची, हेलम्बु लगायतका स्थानहरुमा समितिका माननीय सदस्यहरुको टोलि स्थलगत अनुगमनमा जाने निर्णय गरियो। |
| ४ | २०७८/०३/२० ४:०० बजे | ५७ | १. उद्योग, पर्यटन तथा वाताबरण समितिको तर्फबाट २०७८ सालमा प्रकाशित गरिएको वार्षिक प्रतिवेदन प्रकाशनमा गुणस्तरमा कम देखिएकोले आगामी वार्षिक प्रतिवेदन प्रकाशन गर्दा गुणस्तरमा सुधार गराउनका लागि प्रदेश |

| | | | |
|---|---|---|---|
| | | | सभा सचिव मार्फत संसद सचिवालयलाई निर्देशन दिईयो।<br>२. बागमती प्रदेश अन्तर्गत रहेको सिन्धुपाल्चोक जिल्लामा असार १ गते मंगलबारबाट परेको अविरल वर्षा पश्चात आएको बाढी तथा पहिरोको कारण ज्यान गुमाउनेहरुमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्नका साथै उद्योग, पर्यटन तथा वातावरण समितिको बैठकको निर्णय बमोजिम स्थलगत अनुगमन गरी सो अनुगमनबाट तयार पारिएको प्रतिवेदनमा भएको छलफलमा उठेका सुझावहरु समेटेर प्रतिवेदलाई अन्तिम रुप दिने निर्णय गरियो । |
| ५ | २०७८/०३/२५<br>१०.३० बजे | ५८ | १. मिति २०७८ असार २५ गते उद्योग, पर्यटन तथा वातावरण समितिको भर्चुअल बैठक बसी सिन्धुपाल्चोक जिल्लाका मेलम्ची, हेलम्बु लगायतको क्षेत्रको स्थलगत अनुगमन पछी तयार भएको प्रतिवेदनलाई समितिका माननीय सदस्यहरुको राय सहित पारित गरी सम्मानित प्रदेश सभामा पेश गर्ने निर्णय गरियो । |
| ६ | २०७८/०३/२८<br>१.०० बजे | ५९ | १. उद्योग, पर्यटन तथा वातावरण समितिमा प्राप्त भएको "प्रदेश पर्यटन विकास सम्बन्धमा व्यबस्थापन गर्न बनेको विधेयक" सम्बन्धमा छलफल गरियो । |
| ७ | २०७८/०४/०१<br>बिहान ७.००बजे | ६० | १. उद्योग,पर्यटन तथा वातावरण समितिमा प्राप्त विधेयक सुझाव तथा छलफलको लागि पर्यटन उपसमितिमा पठाउने निर्णय गरियो ।<br>२. जलवायु परिवर्तन सम्बन्धी उच्चस्तरिय अन्तरक्रिया गोष्ठी २०७८/०४/८ र ९ गते काभ्रेको धुलिखेलमा आयोजना गर्ने निर्णय भयो । |
| ८ | २०७८/०४/०९ | ६१ | १. उद्योग, पर्यटन तथा वातावरण समितिमा दफावार छलफलका लागि प्राप्त विधेयकलाई बागमती प्रदेशका १३ वटै जिल्लाहरुमा सम्बन्धित स्थानीय तह र सरोकारवालाहरुसँग पाँच चरणमा अन्तर्क्रिया तथा छलफल गर्ने निर्णय गरियो। |

| | | | |
|---|---|---|---|
| ९ | २०७८/०४/१७<br>साँझ ६:०० बजे | ६२ | १. उद्योग, पर्यटन तथा वातावरण समितिमा दफावार छलफलका लागि प्राप्त विधेयकलाई बागमती प्रदेशका १३ वटै जिल्लाहरुमा सम्बन्धित स्थानीय तह र सरोकारवालाहरुलाई सुसूचित गराउदै राय सुझाव समेत संकलनका लागि छलफल चलाउने सन्दर्भमा माननीय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री सरेश नेपालज्यू लगायत मन्त्रालयका सचिव श्री सिन्धु प्रसाद ढुङ्गानाज्यू तथा समितिका माननीय सदस्यज्यूहरुको उपस्थितिमा छलफललाई पाँच क्लष्टरमा आयोजना गरेर फेरी २०७८ भाद्र ४ गते काठमाण्डौंमा पर्यटन व्यवसायीसँग सम्बन्धित विभिन्न निकाय एवम् सरोकारवाला सहित छलफल कार्यक्रम गर्ने निर्णय गरियो। |
| १० | २०७८/०७/१७<br>बिहान १०:३०<br>बजे | ६३ | १. समितिको सभापतिको नेतृत्वमा हुने अन्तर प्रदेश अनुभव आदान प्रदान कार्यक्रमका विषयमा थप छलफल सहित समितिको अर्को बैठकबाट निर्णय गर्ने।<br>२. समितिको ६४ औं बैठक मिति २०७८ कार्तिक २३ गते बिहान १०:०० बजे बस्ने निर्णय गरियो। |
| ११ | २०७८/०७/२३<br>बिहान १०:००<br>बजे | ६४ | १. समितिको सभापतिको नेतृत्वमा हुने अन्तर प्रदेश अनुभव आदान प्रदान कार्यक्रम अन्तर्गत मिति २०७८ मंसिर १३ गते देखि लुम्बिनी प्रदेश सभामा जाने निर्णय गरियो।<br>२. समितिमा दफावार छलफलमा रहेको विधेयकमाथि अन्तिम छलफल र निर्कषको लागि उप समितिको बैठक बस्न निर्देशन दिइयो।<br>३. समितिको ६५ औं बैठक २०७८ कार्तिक ३० गते बिहान ८ बजे प्रदेश सभा सचिवालय भवनमा बस्ने निर्णय गरियो। |
| १२ | २०७८/०७/३० | ६५ | १. समितिमा दफावार छलफलका लागि प्राप्त विधेयक माथि सम्बन्धित संशोधनकर्ता माननीयज्यूहरु समेतको |

| | | | |
|---|---|---|---|
| | बिहान ०८:०० बजे | | उपस्थितिमा दफावार छलफल सम्पन्न गरियो।<br>२. समितिमा दफावार छलफलका लागि प्राप्त विधेयक माथि सम्बन्धित मन्त्रालयका सचिवज्यूहरुको उपस्थितिमा दफावार छलफल सम्पन्न गरियो। |
| **१३** | २०७८/०७/३० दिनको ०२:०० बजे | ६६ | १. समितिमा दफावार छलफलका लागि प्राप्त विधेयक माथि सम्बन्धित संशोधनकर्ता माननीयज्यूहरु समेतको उपस्थितिमा दफावार छलफल सम्पन्न गरियो। |
| **१४** | २०७८/०८/०१ बिहान ८:०० बजे | ६७ | १. समितिमा दफावार छलफलका लागि प्राप्त विधेयक माथि सम्बन्धित संशोधनकर्ता माननीयज्यूहरु समेतको उपस्थितिमा दफावार छलफल सम्पन्न गरियो।<br>२. समितिमा दफावार छलफलका लागि प्राप्त विधेयक माथि सम्बन्धित मन्त्रालयका सचिवज्यूहरुको उपस्थितिमा दफावार छलफल सम्पन्न गरियो । |
| **१५** | २०७८/०८/०१ दिनको २:०० बजे | ६८ | १. समितिमा दफावार छलफलका लागि प्राप्त विधेयक माथि सम्बन्धित संशोधनकर्ता माननीयज्यूहरु समेतको उपस्थितिमा दफावार छलफल सम्पन्न गरियो।<br>२. समितिमा दफावार छलफलमा प्राप्त विधेयक माथि सम्बन्धित मन्त्रालयका सचिवज्यूहरुको उपस्थितिमा दफावार छलफल सम्पन्न गरियो। |
| **१६** | २०७८/०८/०२ बिहान ०८:०० बजे | ६९ | १. समितिमा दफावार छलफलमा उपसमितिबाट प्राप्त विधेयकमाथि दफावार छलफल सम्पन्न गरियो। |
| **१७** | २०७८/०८/०२ दिनको २:०० बजे | ७० | १. समितिमा दफावार छलफलमा उपसमितिबाट प्राप्त विधेयक माथि दफावार छलफल सम्पन्न गरि विधेयकको प्रतिवेदन माननीय सभामुख समक्ष पेश गरी प्रदेश सभाको आगामी बैठकमा पेश गर्ने निर्णय गरियो। |

| | | | |
|---|---|---|---|
| १८ | २०७८/०९/०९ बिहान ८:०० बजे | ७१ | १. समितिका माननीय सदस्यहरुको लागि १ दिने क्षमता अभिवृद्धि कार्यक्रम मिति २०७८/१०/१६ गते काभ्रेपलान्चोक जिल्लाको धुलिखेलमा विषय विज्ञलाई आमन्त्रण गरी कार्यक्रम गर्ने निर्णय गरियो।<br>२. क्षमता अभिवृद्धि कार्यक्रम अन्तर्गत सांसदको भूमिका, ,काम कर्तव्य र अधिकार लगायतका विषय समावेश गरी विषय विज्ञ छनौट गर्ने निर्णय गरियो।<br>३. प्रत्यायोजित व्यवस्था र सरकारी आश्वासन सम्बन्धी अन्तरक्रिया कार्यक्रम २०७८।०९।२५ गते काठमाण्डौमा विषय विज्ञलाई आमन्त्रण गरि कार्यक्रम गर्ने निर्णय गरियो। |
| १९ | २०७८/०९/१० बिहान ९:०० बजे | ७२ | १. समितिका माननीय सदस्यहरुको लागि उद्योग, पर्यटन तथा वातावरण समितिको आयोजना तथा UNDP को सहकार्यमा चितवनको सौराहामा पछिल्लो बैठकमा मिति तय गर्ने गरी जलवायु परिवर्तनको कारण विश्व लगायतमा नेपालमा परेका समस्याहरुको विषयमा २ दिने अन्तर्किया कार्यक्रमको सम्बन्धमा UNDP लाई पत्राचार गरी कार्यक्रमको तयारी सुरु गर्ने निर्णय गरियो। |
| २० | २०७८/०९/२२ बिहान १०:०० बजे | ७३ | १. उद्योग, पर्यटन तथा वातावरण समितिका माननीय सदस्यहरुको क्षमता अभिवृद्धि कार्यक्रम मिति २०७८ पौष २८ र २९ गते धुलिखेलको होटल सारथीमा गर्ने निर्णय गरियो।<br>२. क्षमता अभिवृद्धि कार्यक्रममा विषय विज्ञको रुपमा डा. विष्णुहरि पौडेल र रामचन्द्र अधिकारीज्यूलाई आमन्त्रण गर्ने निर्णय गरियो।<br>३. समितिको माननीय सदस्यहरुको क्षमता अभिवृद्धि कार्यक्रममा विषयवस्तुसँग अभिरुचि राख्नुहुने माननीय |

| | | | |
|---|---|---|---|
| | | | रमेश पौड्याल र माननीय चन्द्र लामाज्यूलाई कार्यक्रममा सहभागिताको लागि आमन्त्रण गर्ने निर्णय गरियो।<br>४. कार्यक्रममा प्रमुख आतिथ्यताको लागि माननीय सभामुखज्यूलाई आमन्त्रण गर्ने निर्णय गरियो। साथै सोहि कार्यक्रममा विशेष आतिथ्यताको लागि माननीय उपसभामुखज्यूलाई आमन्त्रण गर्ने निर्णय गरियो।<br>५. कार्यक्रममा प्रदेश सभाका सबै विषयगत समितिका माननीय सभापतिज्यूहरु तथा समिति सचिवज्यूलाई सहभागीताको लागि पत्राचार गर्ने निर्णय गरियो। |
| २१ | २०७८/१०/१२<br>दिनको १:००<br>बजे | ७४ | १. मिति २०७८ पौष २८ र २९ गते धुलिखेलको होटल सारथीमा सम्पन्न उद्योग, पर्यटन तथा वातावरण समितिका माननीय सदस्यहरुको क्षमता अभिवृद्धि कार्यक्रमको समिक्षा गरी आगामी कार्यक्रमहरुलाई थप व्यवस्थित गर्ने तथा कार्यक्रम पश्चात तयार गरिने, प्रतिवेदनलाई प्रभावकारी बनाउन प्रतिवेदन लेखनलाई अन्तिम रुप दिनुअघि सबै माननीयज्यूहरुलाई मेल पठाई सुझाव लिने निर्णय गरियो।<br>२. विषयगत समितिको कार्यक्षेत्र बमोजिम विज्ञ तथा सरोकारवालासँग छलफल तथा अन्तर्क्रिया कार्यक्रम समय अनुकूलता मिलाई सम्पन्न गर्ने निर्णय गरियो। |
| २२ | २०७८/१९/०९<br>बिहान ११:००<br>बजे | ७५ | १. समिति अन्तर्गत गठित पर्यटन उपसमितिका संयोजक माननीय कुसुम कुमार कार्कीको नेतृत्वमा बागमती प्रदेश सरकारको लगानीमा सिन्धुपाल्चोक, दोलखा ,रामेछाप, र सिन्धुलीका विभिन्न स्थानहरुमा निर्माणाधिन हिल स्टेशन भ्यू टावरहरुको चैत्र मसान्तभित्र स्थलगत अध्ययन तथा अनुगमन गर्ने निर्णय गरियो।<br>२. सो कार्यक्रममा आवश्यक सहजीकरण तथा समन्वयका लागि बागमती प्रदेश सरकारको पर्यटन विकास |

| | | | |
|---|---|---|---|
| | | | आयोजनालाई पत्राचार गरी आयोजनाका कर्मचारीहरुलाई सो भ्रमणमा सहभागी गराई आयोजनाको सम्बन्धमा आवश्यक सहजीकरण र समन्वय तथा जानकारी प्रदानको लागि अनुरोध गर्ने निर्णय गरियो। |
| २३ | २०७९/०२/१५ दिउँसो १:०० बजे | ७६ | १. समितिको चौथो वार्षिक प्रतिवेदन, २०७९ तयार गरी अन्तिम रुप दिनका लागि माननीय मणिराम फुँयालको संयोजकत्वमा माननीय कुसुम कुमार कार्की र माननीय विराज भक्त श्रेष्ठ सदस्य रहने गरी तीन सदस्यीय प्रतिवेदन लेखन उप-समिति गठन गर्ने निर्णय गरियो।<br>२. समितिको सभापति माननीय रमा आले मगरले आगामी आर्थिक वर्षको लागि कार्यक्रमको ड्राफ्ट तयार गरी समितिको आगामी बैठकमा छलफलका लागि पेश गर्ने निर्णय गरियो। |
| २४ | २०७९/०२/३० दिउँसो २:०० बजे | ७७ | १.प्रदेश सभा नियमावली, २०७४ को नियम १५१ को उपनियम (५) बमोजिम समितिको चौथो वार्षिक प्रतिवेदन, २०७९ सम्मानित प्रदेश सभामा मिति २०७९/०२/३१ गते पेश गर्ने निर्णय गरियो।<br>२.संसद सहयोग परियोजनाको सहयोगमा "लैंगिक तथा सामाजिक समावेशीकरणको सवालमा बजेटः प्रवृत्ति र प्राथमिकता" तथा "जलवायुजन्य सवालमा बजेटः प्रवृत्ति र प्राथमिकता" विषयक छलफल कार्यक्रम समितिका माननीय सदस्यज्यूहरु र शिक्षा, स्वास्थ्य तथा कृषि समितिका माननीयज्यूहरु लगायत अन्य इच्छुक माननीयज्यूहरुको सहभागितामा मिति २०७९/०२/३१ गते बिहान ८:०० बजे यसै बागमती प्रदेश सभा सचिवालयमा समितिले आयोजना गर्ने निर्णय गरियो। |

# परिच्छेद - ४

# उद्योग, पर्यटन तथा वातावरण समितिको विभिन्न कार्यक्रमका प्रतिवेदनहरुः

## प्रदेश पर्यटन विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको सम्बन्धमा स्थानीय तहका जनप्रतिनिधि तथा सरोकारवाला निकायसँगको छलफल तथा अन्तर्क्रिया कार्यक्रमको प्रतिवेदनः

### १.परिचय

बागमती प्रदेश सभाको आठौं अधिवेशनको मिति २०७८ असार २८ गते बसेको प्रदेश सभा बैठकमा बागमती प्रदेश सरकारका माननीय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री सरेश नेपालले **प्रदेश पर्यटन विकास सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक** सम्मानित सभामा पेश गर्नु भएसँगै सो विधेयक दफावार छलफलका निम्ति यस समितिमा सम्मानित सभाबाट प्राप्त भएको थियो। विधेयकमा माननीयज्यूहरुबाट संशोधन प्रस्ताव समेत प्राप्त भएको अवस्थामा विधेयकलाई समितिमा संशोधनकर्ता माननीयज्यूहरुको समेत उपस्थिति तथा मन्त्रालयका माननीय मन्त्री एवम् मन्त्रालयका सचिव तथा समितिमा रहनुभएका माननीय सदस्यहरुबिचमा दफावार छलफलका लागि विधेयक प्राप्त भएपश्चात समितिको मिति २०७८ श्रावण १७ गते बसेको बैठकले समितिमा प्राप्त विधेयकलाई थप परिस्कृत एवम् प्रभावकारी ढङ्गले छलफल गर्ने निर्णय गर्दै विधेयकमाथि थप छलफलका निम्ति यस समिति अन्तर्गत बनेको पर्यटन उप-समितिमा पठाउने र सोहि उपसमिति मार्फत विधेयकलाई बागमती प्रदेशका सबै स्थानीय तहका जनप्रतिनिधिहरुसँग प्रत्यक्ष छलफल तथा अन्तर्क्रिया एवम् पर्यटन तथा होटल ब्यवसायमा संलग्न विभिन्न पेशागत संघ संस्थाका प्रतिनिधि तथा पर्यटनसँग सम्बन्धित विभिन्न मजदुर संघ तथा संगठनका प्रतिनिधिहरुबिच विभिन्न मितिमा छलफल गर्ने कार्यक्रम समितिको बैठकबाट निर्णय भएको थियो। सोहि निर्णय बमोजिम मिति २०७८ श्रावण २० गते काठमाण्डौ, ललितपुर र भक्तपुर जिल्लाका स्थानीय तहका प्रमुख तथा उपप्रमुखहरुसँग जिल्ला समन्वय समितिको कार्यालय, काठमाण्डौको सभाहलमा तथा मिति २०७८ श्रावण २२ गते नुवाकोट, रसुवा र धादिङ जिल्लाका सबै स्थानीय तहका प्रमुख तथा उपप्रमुख एवम् सो जिल्लाहरुबाट प्रतिनिधित्व गर्नुहुने माननीयज्यू समेतको सहभागितामा जिल्ला समन्वय समितिको

कार्यालय, नुवाकोटमा कार्यक्रम भएको थियो। यसैगरी काभ्रेपलाञ्चोक तथा सिन्धुपाल्चोक जिल्लाका स्थानीय तहका जनप्रतिनिधि एवम् सोहि जिलाहरुमा माननीयज्यूहरुसमेतको उपस्थितिमा २०७८ श्रावण २४ गते धुलिखेल नगरपालिकाको कार्यालय, धुलिखेलमा एवम् २०७८ श्रावण २७ गते सिन्धुलीमा सिन्धुली, रामेछाप र दोलखा जिल्लाका स्थानीय तहका प्रमुख तथा उपप्रमुख एवम् सो जिल्लाहरुबाट प्रतिनिधित्व गर्नुहुने माननीयज्यूहरुको सहभागितामा कार्यक्रम भएको छ। यसैगरी चितवन र मकवानपुर जिल्लाका स्थानीय तहका प्रमुख तथा उपप्रमुख एवम् सो जिल्लाहरुबाट प्रतिनिधित्व गर्नुहुने माननीयज्यूहरुको सहभागितामा जिल्ला समन्वय समितिको कार्यालय चितवनमा २०७८ श्रावण ३१ गते कार्यक्रम भएको थियो भने २०७८ भाद्र ४ गते नेपाल पर्यटन बोर्ड, भृकुटीमण्डप काठमाण्डौमा पर्यटन व्यवसायसँग सम्बन्धित विभिन्न संघ संस्थाहरु तथा पर्यटन व्यवसायसँग सम्बन्धित मजदुरका संघ संगठनका प्रमुख पदाधिकारी एवम् प्रतिनिधिहरुबिच बागमती प्रदेश सभाका माननीय उपसभामुख राधिका तामाङको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो। यसैगरी कार्यक्रम अन्तर्गत भाद्र ११ गते बागमती प्रदेशको चितवनमा रहेको सौराहा क्षेत्रका होटल ब्यवसायी तथा पर्यटन ब्यवसायीहरुबीच विधेयकमाथिको छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको हो।

**२.कार्यक्रमको उद्देश्यः**

प्रदेश सभा बागमती प्रदेश तथा अन्य प्रदेशहरु एवम् संघमा समेत विभिन्न ऐन कानूनहरु निर्माण हुने क्रममा यथार्थलाई ध्यानमा राख्दै यस समितिले समितिमा प्राप्त विधेयकलाई जनताको कानून जनताका प्रतिनिधिको माझबाट बन्न सकेमा मात्र प्रभावकारी दिगो एवम् विश्वसनीय हुन्छ भन्ने निश्कर्षका साथ विधेयकलाई हरेक स्थानीय तह र सरोकारवाला निकायसम्म पुऱ्याईएको छ। बागमती प्रदेशका १३ वटै जिल्लाका सबै स्थानीय तहका प्रमुख तथा उपप्रमुख एवम् काठमाण्डौ र चितवनमा पर्यटन व्यवसायी, व्यवसायीहरुका छाता संघ संगठन, पर्यटन मजदुरहरुका संघसंगठन एवम् विभिन्न सरोकारवाला निकायहरुका पदाधिकारीहरुसँग अन्तर्क्रिया कार्यक्रम आयोजना गरिएको थियो। ऐन जनमुखी, जनताको हित र सहजता, पर्यटन क्षेत्रको संरक्षण र विकास, पर्यटन क्षेत्रको सम्वृद्धि, पर्यटन प्रवर्द्धन, पर्यावरण र वातावरण संरक्षण, तीन तहको सरकारबीचको सहकार्य तथा समन्वय लगायतलाई स्थापित गर्दै प्रदेशबाट बनेको कानूनलाई कार्यान्वयनमा प्रभावकारी बनाउन समितिबाट नौलो अभ्यास स्वरुप यो कार्यक्रमको आयोजना भएको हो।

**३.कार्यक्रममा भएका गतिविधिहरुः**

- विभिन्न मितिमा प्रदेशका सबै स्थानीय तहका जनप्रतिनिधिहरुको सहभागितामा विधेयकमाथि छलफल ।
- काठमाण्डौ तथा चितवनमा पर्यटन व्यवसायसँग सम्बन्धित सरोकारवाला निकायहरुबीच छलफल।
- कार्यक्रममा सहभागीहरुबाट विधेयकमाथि प्राप्त भएका सुझाव एवम् प्रतिक्रिया टिपोट।
- कार्यक्रममा सहभागीहरुबाट विधेयकमाथि सुझाव एवम् प्रतिक्रियाको भिडियो रेकर्ड तथा अभिलेखीकरण।




धुलिखेल नगरपालिका, काभ्रेमा भएको कार्यक्रमपछि लिईएको सामुहिक तस्बीर

**४.निश्कर्षः**

बागमती प्रदेशबाट बनेको ऐन जनमुखी, प्रदेशवासीको हित, पर्यटन क्षेत्रको संरक्षण र विकास, पर्यटन क्षेत्रको सम्वृद्धि, पर्यटन प्रवर्द्धन, पर्यावरण र वातावरण संरक्षण, तीन तहको सरकारबिचको सहकार्य तथा समन्वय लगायतलाई स्थापित गर्दै प्रदेशबाट बनेको कानूनलाई कार्यान्वयनमा प्रभावकारी बनाउन समितिबाट नौलो अभ्यास स्वरुप यो कार्यक्रमको आयोजना भएको हो। यसै उद्देश्य बमोजिम आयोजित कार्यक्रममा धारणा राख्नुहुदैं सहभागीहरुले बागमती प्रदेशबाट भएको यस किसिमको कार्यक्रममा उत्साहपूर्ण सहभागिता एवम् धारणा ब्यक्त गर्नुभएको थियो।कानून निर्माणको ईतिहासमा नै पहिलो पटक बागमती प्रदेश सरकारले पेश गरेको विधेयकमाथि यसरी छलफलमा भाग लिन पाएको भन्दै धारणा राख्नुहुदैं सहभागीहरुले समितिको यस किसिमको कार्य निकै राम्रो,

प्रभावकारी तथा अनुकरणीय भएकोमा जोड दिनुभएको छ। विधेयक ऐनको रुपमा आईसकेपछि कार्यान्वयन पक्ष बलियो भएमा मात्रै यसको प्रभावकारीता हुने भएकाले विधेयकले लिएको लक्ष्य पुरा हुन्छ भन्ने मान्यतालाई आत्मसाथ गर्दै भएको यस कार्यक्रम उपलब्धिमूलक भएको छ। कार्यक्रममा भएको ब्यापक सहभागिता, विधेयकमाथिको घनिभूत छलफल र छलफलबाट विधेयकमाथि प्राप्त सुझावहरुहरुले समेत विधेयक थप परिस्कृत र प्रभावकारी बन्ने भएको छ। यस कार्यक्रमबाट प्राप्त भएका सुझावहरुलाई समितिमा हुने दफावार छलफलमा सम्बन्धित मन्त्रालय र सचिवसमेतको सहभागितामा समावेश गराई विधेयकलाई पारित गरी ऐनको रुपमा कार्यान्वयन गराउदाँ प्रदेश सरकार प्रति जनताको विश्वास बढ्न गई ऐनको कार्यान्वयन पक्ष बलियो हुने र विधेयकले लिएको लक्ष्य पनि प्राप्ति हुने भएकाले यस कार्यक्रम निकै उपलब्धिमूलक र फलदायी रहेको छ।

## लुम्बिनी प्रदेशको भ्रमण गरी भएको अन्तरप्रदेश अनुभव आदान प्रदान कार्यक्रमको प्रतिवेदनः

### १.परिचयः

उद्योग, पर्यटन तथा वातावरण समितिको मिति २०७८/०७/२३ गते बसेको समितिको बैठकबाट समितिका माननीय सभापतिज्यूको नेतृत्वमा अन्तरप्रदेश भ्रमण कार्यक्रम अन्तर्गत लुम्बिनी प्रदेश सभाको भ्रमण गर्ने निर्णय भएको थियो। सोहि निर्णय बमोजिमको तयारी भई प्रदेश सभा लुम्बिनी प्रदेश सभाका माननीय सभामुखज्यू, उपसभामुखज्यू, लुम्बनी प्रदेश सभाको अर्थ, पर्यटन तथा वातावरण समितिका माननीय सदस्यहरुबिच अन्तर्क्रिया तथा अनुभव आदानप्रदान कार्यक्रमका लागि पत्राचार भई तयारी सम्पन्न गरी माननीय सभापति रमा आले मगरज्यूको नेतृत्वमा मिति २०७८/०८/१३ गते देखी १८ गते सम्म लुम्बिनी प्रदेश सभामा अनुभव आदानप्रदान कार्यक्रमका साथै लुम्बिनी प्रदेशका केहि पर्यटकीय क्षेत्रहरु भ्रमण सम्पन्न भएको छ।

### २.कार्यक्रमका उद्देश्यहरुः

उद्योग, पर्यटन तथा वातावरण समितिको २०७८/०७/२३ गतेको बैठकको निर्णय बमोजिम तय भएको यस अन्तर प्रदेश अनुभव आदानप्रदान कार्यक्रमका निम्न उद्देश्यहरु रहेका छन्।

- लुम्बिनी प्रदेश सभाको अवलोकन भ्रमण गरी सो प्रदेश सभामा भए गरेका काम कारवाही तथा गतिविधिहरुका विषयमा जानकारी लिनु।

- ❖ लुम्बिनी प्रदेश सभामा रहेको अर्थ, उद्योग तथा पर्यटन समितिले गरेका कामकारबाही तथा कार्यसम्पादनको विषयमा जानकारी लिनु।
- ❖ दुबै समिति बिच सम्बन्ध स्थापित गराई अनुभव आदानप्रदान कार्यको निरन्तरता दिने।
- ❖ लुम्बनी प्रदेशमा रहेका पर्यटकीय क्षेत्रको अवलोकन भ्रमण गर्नका साथै पर्यटन प्रवर्द्धनमा लुम्बिनी प्रदेश सरकारका गतिविधिहरुको विषयमा अनुभव लिनु।

## ३.भ्रमणका क्रममा भएका गतिविधिहरुः

- ❖ लुम्बिनी प्रदेशका सभामुख माननीय पूर्ण बहादुर घर्तीज्यूसँग वहाँको कार्यकक्षमा भेटघाट तथा प्रदेश सभा बागमती प्रदेशको तर्फबाट टेलिफोन डायरी, प्रदेश सभा दर्पण तथा समितिको वार्षिक प्रतिवेदन प्रदान।
- ❖ लुम्बिनी प्रदेशका उपसभामुख माननीय कृष्णी थारुज्यूसँग वहाँको कार्यकक्षमा भेटघाट तथा प्रदेश सभा बागमती प्रदेशको तर्फबाट टेलिफोन डायरी, प्रदेश सभा दर्पण तथा समितिको वार्षिक प्रतिवेदन प्रदान।
- ❖ प्रदेश सभा लुम्बिनी प्रदेशको अर्थ, उद्योग तथा पर्यटन समितिका कार्यवाहक सभापति (समिति ज्येष्ठ सदस्य) माननीय तुलाराम घर्ति मगर , प्रदेश सभाका सचिव श्री दुर्लभ पुन मगरज्यू, उपसचिव श्री रमेश गौतम, अर्थ, उद्योग तथा पर्यटन समितिका समिति सचिव केशव सुनार लगायत प्रदेश सभा लुम्बिनी प्रदेशका कर्मचारीहरुको सहभागितामा अनुभव आदानप्रदान तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न।
- ❖ लुम्बिनी प्रदेशमा रहेको भगवान गौतम बुद्धको पवित्र जन्मस्थल लुम्बिनीमा लुम्बिनी विकास कोषको हलमा लुम्बिनी विकास कोषको तर्फबाट लुम्बिनी विकास गुरुयोजनाको विषयमा जानकारी प्राप्त तथा लुम्बिनी विकास कोषबाट पथ प्रदर्शक परिचालन गरी लुम्बिनीको ऐतिहासिक स्थानहरुमा अवलोकन भ्रमण सम्पन्न।
- ❖ कपिलवस्तु जिल्लाको तिलौराकोटमा रहेको भगवान गौतम बुद्धसँग सम्बन्धित ऐतिहासिक एवम् पुरातात्विक क्षेत्रहरुमा अवलोकन भ्रमण सम्पन्न।




अनुभव आदान प्रदान कार्यक्रम पश्चात लिईएको सामूहिक तस्बीर

## २.निष्कर्ष :

प्रदेश सभा बागमती प्रदेशमा रहेका विभिन्न विषयगत समितिहरु मध्येको यस उद्योग, पर्यटन तथा वातावरण समितिका माननीय सभापतिज्यूको नेतृत्वमा अन्तरप्रदेश अनुभव आदान प्रदान भ्रमण कार्यक्रम अन्तरगत लुम्बिनी प्रदेश सभा र लुम्बिनी प्रदेश सभाको अर्थ, उद्योग तथा पर्यटन समितिको भ्रमण गरिएको छ। संघीय संरचनाको अभ्यासमा प्रदेश सभामा पहिलो कार्यकालको रुपमा रहनुभएका माननीयज्यूहरुबीच आ-आफ्नो प्रदेश सभामा हुने गरेका कामकारबाहीका विषयमा अनुभव आदानप्रदान गरि सिक्ने तथा सिकाउने अभियान अन्तर्गत भएको यस भ्रमण उपलब्धीमूलक रहेको छ।विशेष गरि पर्यटकीय क्षेत्रहरुले भरिपूर्ण लुम्बिनी प्रदेश र देशको राजधानी समेत रहेको बागमती प्रदेश सभाका माननीयज्यूहरुबिचको यो अनुभव आदानप्रदान कार्यक्रमले दुबै प्रदेशका विषयगत समितिहरुबाट सम्पादन भईरहेका कामका विषयमा एक आपसमा अनुभव साटासाट हुँदा दुवै प्रदेशका समितिका माननीयहरुमा क्षमता अभिवृद्धि भएको छ। उद्योग, पर्यटन तथा वातारण समिति बागमती प्रदेशले समितिमा प्राप्त विधेयकलाई स्थानीय तह तथा सम्बन्धित सरोकारवाला निकायसम्म पुगि गरेको दफावार छलफलबाट अर्थ, उद्योग तथा पर्यटन समिति लुम्बिनी प्रदेशले यस प्रकारको छलफलको उच्च प्रशंसा गर्दै अब सो समितिमा प्राप्त विधेयकलाई बागमती प्रदेश सभाको यस समितिको जस्तै अभ्यासमा जाने कुरा कार्यक्रममा सहभागी माननीयज्यूबाट आएको छ।यसैगरी लुम्बिनी प्रदेश सभाबाट समितिमा प्राप्त विधेयकहरु दफावार छलफल प्रक्रियाका विषयमा समेत जानकारी प्राप्त भएको छ।यसरी लुम्बिनी प्रदेश सभाको यस भ्रमणबाट विषयगत समितिका

माननीयहरुबीच भएको अनुभव आदानप्रदान तथा अन्तर्क्रियाबाट यस समितिलाई धेरै कुराको सिकाई हुनुका साथै यस समितिबाट समेत लुम्बिनी प्रदेश सभाको अर्थ, उद्योग तथा पर्यटन समितिबाट धेरै कुरा सिक्ने अवसर मिलेकोमा यस भ्रमण निकै प्रभावकारी एवम् उपलब्धीमूलक भएको छ।

## बागमती प्रदेश उद्योग, पर्यटन तथा वातावरण समितिका माननीय सदस्यहरुको क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न गरी तयार पारिएको प्रतिवेदनः

### १.परिचयः

उद्योग, पर्यटन तथा वातावरण समितिको बैठकबाट यस समितिमा रहनुभएका माननीयज्यूहरुको क्षमता अभिवृद्धिका लागि कार्यक्रम गर्ने निर्णय भयो। विशेष गरि उद्योग, पर्यटन, वन तथा वातावरण क्षेत्रका कानून निर्माण र प्रदेश सरकारको सो सम्बन्धी मन्त्रालयका काम कारवाहीको अनुगमन तथा निगरानी गर्ने यस समितिका माननीय सदस्यहरुमा सम्बन्धित विषयमा अधिक ज्ञान हासिल भएमा समितिको कार्यसम्पादनमा सहज हुने र समिति थप जिम्मेवार एवम् कानून निर्माणका काममा दक्ष हुने निष्कर्षका साथ समितिको विषयसँग सम्बन्धित विज्ञहरुको सहभागीतामा प्रशिक्षण कार्यक्रम सम्पन्न गर्न सकेमा कार्यक्रम उपलब्धीमूलक र फलदायी हुने हेतुले यस कार्यक्रमको आयोजना भएको हो। कार्यक्रम अन्तरगत विषय विज्ञको रुपमा डा. विष्णु हरि पौडेल र रामचन्द्र अधिकारीज्यूलाई आमन्त्रण गरी समितिका माननीय सदस्यज्यूहरुको सहभागितामा २०७८ पौष २८ र २९ गते दुई दिने कार्यक्रम काभ्रेपलाञ्चोक जिल्लाको धुलिखेलमा आयोजना गरिएको हो। कार्यक्रम प्रमुख अतिथिको रुपमा प्रदेश सभा बागमती प्रदेशका माननीय सभामुख सानु कुमार श्रेष्ठज्यूलाई आमन्त्रण गरिएको थियो भने विशेष अतिथिको रुपमा माननीय उपसभामुख राधिका तामाङज्यूलाई आमन्त्रण गरिएको थियो। कार्यक्रममा प्रदेश सभाका सबै विषयगत समितिका माननीय सभापतिज्यूहरु तथा समिति सचिवहरुलाई समेत आमन्त्रण गरिएको थियो भने कार्यक्रमको विषयवस्तुमा चासो व्यक्त गर्नुहुने अन्य समितिका माननीय सदस्यज्यूहरुलाई समेत आमन्त्रण गरिएको थियो।

### <u>२.कार्यक्रम क्षेत्र</u>

प्रदेश सभा नियमावलीको नियम १४५ अनुसार गठन भएको यस उद्योग पर्यटन तथा वातावरण समितिको नियम १४६ मा उल्लिखित कार्यक्षेत्र बमोजिम उद्योग, वन, पर्यटन तथा वातावरण क्षेत्र रहेकोमा यस समितिका माननीय सदस्यहरुमा कार्यक्षेत्र बमोजिम क्षमता अभिवृद्धि कार्यक्रम अन्तर्गत यस कार्यक्रमको आयोजना गरिएको हो। सम्बन्धित विषयमा विज्ञता हासिल गर्नु भएका विज्ञहरुबाट

माननीय सदस्यहरुमा नेपालमा उद्योग र पर्यटन क्षेत्रका अवसर, चूनौति र समाधानमा सांसदको भूमिका विषयमा नेपाल सरकारका सेवा निवृत कर्मचारी एवम् विषय विज्ञ रामचन्द्र अधिकारीज्यूले आफ्नो प्रस्तुतिकरणका साथमा सहभागी माननीय सदस्यहरुको जिज्ञासाको सम्बोधन गर्नु भएको थियो भने नेपालमा वन र वातावरण क्षेत्रका अवसर, चूनौति र समाधानमा सांसदको भूमिका विषयमा विज्ञ डा. विष्णु हरि पौडेलज्यूले आफ्नो प्रस्तुतिकरणका साथमा सहभागी माननीय सदस्यहरुको जिज्ञासाको सम्बोधन गर्नु भएको थियो।

## ३.कार्यक्रमका उद्देश्यहरु

यस विषयगत समितिका माननीयज्यूहरुको कार्यक्षेत्र बमोजिमको क्षमता अभिवृद्धि कार्यक्रमका निम्न उद्देश्यहरु रहेका छन्।

- माननीयज्यूहरुमा विज्ञहरुबाट नेपालमा उद्योग ,पर्यटन , वन तथा वातावरण क्षेत्रलाई संरक्षणका साथ थप विकास गरी सम्वृद्धि हासिल गर्न सक्ने अवसरहरुका विषयमा यथेस्ट जानकारी प्रदान गर्नु ।
- माननीयज्यूहरुमा नेपालमा उद्योग ,पर्यटन, वन तथा वातावरण क्षेत्रमा रहेका समस्याको पहिचान गरी सो चूनौतिलाई समाधान कसरी गर्न सकिन्छ भन्ने विषयमा थप ज्ञान प्रदान गर्नु।
- माननीयज्यूहरुमा अब बन्ने तथा बनेका कानूनहरुमा वन तथा वातावरण क्षेत्रलाई संरक्षण गर्दै अगाडी बढ्न कसरी काम गर्न सकिन्छ भन्ने विषयमा विज्ञहरुबाट जानकारी प्रदान गर्नु ।
- माननीयज्यूहरुमा उद्योग, पर्यटन, वन तथा वातावरण लगायतका क्षेत्रहरुका वर्तमान अवस्था र ती क्षेत्रहरुमा बागमती प्रदेश, नेपाल तथा विश्वमा समेत चालिएका कदमहरुको विषयमा जानकारी प्रदान गर्नु।
- माननीयज्यूहरुमा नेपाल तथा विश्वमा उद्योग, पर्यटन तथा वातावरण लगायतका क्षेत्रका विभिन्न अन्तराष्ट्रिय निकाय एवम् नियोगहरुबीच भएका सन्धि सम्झौता एवम् भईरहेका कामहरु तथा अवका दिनमा गर्न सकिने सन्धि सम्झौता तथा सहमतिका विषयमा जानकारी प्रदान गर्नु ।

**४.कार्यक्रममा भएका गतिविधिहरुः**

- ❖ कार्यक्रमका प्रमुख अतिथि माननीय सभामुख सानु कुमार श्रेष्ठज्यूबाट गमलामा पानी हालेर कार्यक्रमको उद्घाटन।
- ❖ कार्यक्रमका अध्यक्ष तथा समिति सभापति माननीय रमा आले मगरज्यूबाट कार्यक्रम माथि प्रकाश पार्नु हुदैं स्वागत मन्तव्य व्यक्त।
- ❖ विषय विज्ञ डा. विष्णु हरि खड्काज्यूबाट नेपालमा वन तथा वातावरण क्षेत्रका चूनौति, अवसर र समस्या समाधानमा सांसदको भूमिका विषयमा प्रस्तुतिकरणका साथै प्रस्तुतिकरणका सम्बन्धमा माननीय सदस्यज्यूहरुले उठाउनुभएका जिज्ञासाहरुको जवाफ प्रदान।
- ❖ नेपालमा उद्योग र पर्यटन क्षेत्रका चुनौति, अवसर र समस्या समाधानमा सांसदको भूमिका विषयमा विषय विज्ञ श्री रामचन्द्र अधिकारीज्यूबाट प्रस्तुतिकरणका साथमा सहभागी माननीयज्यूहरुको जिज्ञासाको जवाफ प्रस्तुत।
- ❖ कार्यक्रमका प्रमुख अतिथि माननीय सभामुख सानु कुमार श्रेष्ठज्यूले मन्तव्य व्यक्त गर्नुहुदैं समितिबाट आयोजित यस कार्यक्रमको सान्दर्भिकता र यसको महत्वका विषयमा आफ्नो भनाई राख्नु भएको थियो।
- ❖ कार्यक्रमका अध्यक्ष तथा समिति सभापति माननीय रमा आले मगरज्यूबाट कार्यक्रममा सहभागीहरुमा धन्यवाद व्यक्त गर्नुहुदै कार्यक्रमको समापन मन्तव्य राख्नु भएसँगै कार्यक्रम सम्पन्न।

## ५.कार्यक्रममा प्रस्तुतीकरण :

## ५.१.उद्योग तथा पर्यटन विषयमा विज्ञ श्री रामचन्द्र अधिकारीज्यूबाट कार्यक्रममा प्रस्तुत गर्नुभएका विषयहरुः

### नेपालमा उद्योग संचालनमा प्राप्त अवसरहरु

- ❖ कृषि, तरकारी, फलफुल खेती, पशुपालन
- ❖ कृषिजन्य उत्पादन (Agro Processing): कृषिजन्य जमिनको
- ❖ जलविद्युत उत्पादन (Hydro Generation) : पानीको श्रोत तथा ताल , तलैया
- ❖ हिमाली वातावरण : स्याउ खेती, जौं, उवा, फापर, आलु, पशुपालन चौरी, याक, भेडा, च्याङग्रा

- ❖ पहाडमा : ठाउँ अनुसार विभिन्न प्रकारका फलफुल जस्तै सुन्तला, नासपाति, ओखर लिची, ड्रागनफ्रुट
- ❖ विभिन्न प्रकारका खेती धान, कोदो, मकै
- ❖ विभिन्न प्रकारका वाली : मौसम अनुसार साग, काउली, गोलभेडा सिमी आदि
- ❖ नेपाली कागज उद्योग
- ❖ पशुपालन गाई भैसी, भेडावाख्रा
- ❖ जलविद्युत, कटन उद्योग, खाद्य तथा उत्पादनमूलक उद्योग
- ❖ तराईमा  धान खेती, फलफुल अन्य लिची, आँप, ड्रागन
- ❖ पशुपालन : गाई, भैसी, वाख्रा माछापालन
- ❖ उत्पादनमुलक उद्योग
- ❖ निर्माणजन्य उद्योग (सिमेन्ट, इटा, फाइवर उद्योग)
- ❖ कृषिजन्य उद्योगमा सरकारी अनुदान
- ❖ आयातित कच्चा पदार्थ , मेशिनरी औजारमा भन्सार छुट
- ❖ प्रविधि हस्तान्तरणमा वजेट व्यवस्थापन
- ❖ उद्योगको प्रकृति अनुसार : निशुल्क तालिमको व्यवस्था
- ❖ सरल ऋणमा सहुलियत
- ❖ कच्चापदार्थ आयातमा सरलीकरण
- ❖ उत्पादित वस्तु निर्यातमा सहुलियत
- ❖ औद्योगिक प्रतिष्ठान औद्योगिक क्षेत्रमा जग्गा तथा ठाउँ प्राप्तीमा सरल
- ❖ उत्कृष्ट उद्यमीलाई सरकारबाट सम्मान तथा पुरस्कारको व्यवस्था
- ❖ उत्पादित सामानको विक्री वितरणमा सरकारी जिम्मेवारी

## उद्योग सञ्चालनमा चुनौतिः

- ❖ प्राईवेट फर्म, साझेदारी फर्म, प्रा.लि. दर्ताको चुनौतिः प्रशासनिक झन्झट पूरा गर्न (कागजात, पुँजी, दस्तुर लगायत), ज्ञानको कमी
- ❖ उद्योग सञ्चालनमा ज्ञानको कमीवाट आउने समस्या
- ❖ उद्योग स्थापनामा स्थान/जग्गाको अभाव
- ❖ सँधियारहरुवाट आउने समस्या
- ❖ उद्योग स्थायित्वमा समस्या दीर्घकाल टिकाउन गाह्रो
- ❖ श्रोत साधन, पूँजी र प्रविधिको व्यवस्थापनमा समस्या

- ❖ दक्ष जनशक्ति व्यवस्थापनमा समस्या
- ❖ उत्पादित सामानको विक्री वितरणमा समस्या/उत्पादित सामान तत्काल विक्री नहुदा उद्योगमा नष्ट गर्न पर्ने समस्या
- ❖ सरल बजार पहुँचको अभाव
- ❖ उत्पादित सामानको विज्ञापनको अभाव
- ❖ महिला उद्यमीलाई पारिवारिक सपोर्टको समस्या
- ❖ गुणस्तरयुक्त सामान उत्पादनमा समस्या
- ❖ अस्थिर निति, ऐन नियमको समस्या
- ❖ भौतिक पुर्वाधार अभाव
- ❖ अद्योगिक सुरक्षाको अभाव
- ❖ Lack of Inspiring Policy
- ❖ स्थानको असुरक्षा Insecure Land Right
- ❖ सामान सस्तोमा वेच्नुपर्ने
- ❖ उद्योग प्रशासन सम्वन्धी सम्पूर्ण कार्य एउटै निकायबाट (One Door) प्राप्त गर्ने व्यवस्था नहुनु
- ❖ घरेलु कार्यालय न.पा. को कार्यालय वडा कार्यालय आदि निकायमा जानुपर्ने झन्झटबाट मुक्त हनुपर्ने ।

## औद्योगिक सुधारका उपायहरु

- ❖ उद्योग प्रशासन सम्वन्धी काम एउटै निकायबाट सम्पन्न हुने व्यवस्था गर्नु पर्ने (दर्ता, नविकरण, खारेजी, नामसारी, ठाउँसारी, पूँजी वृद्धि , कर तिर्ने ।
- ❖ औद्योगिक व्यवसाय सम्वन्धी तालिमको व्यवस्था
- ❖ औद्योगिक क्षेत्रलाई वातावरणमैत्री वनाउनुपर्ने ।
- ❖ नेपालमा उत्पादित वस्तुको प्रयोगमा प्रोत्साहन ।
- ❖ उत्पादित सामानको विज्ञापन, वजार सरल सहज
- ❖ महिला उद्यमीलाई प्रोत्साहन
- ❖ औद्योगिक क्षेत्रमा भौतिक पूर्वाधारको व्यवस्था
- ❖ औद्योगिक सुरक्षाको व्यवस्था
- ❖ उद्योग संचालनमा जग्गा प्राप्तीमा सरल, सहजता
- ❖ सरल औद्योगिक ऋणको व्यवस्था

- ❖ कच्चा पदार्थको आयतमा सरल कानुनी व्यवस्था
- ❖ उत्पादित सामानको निर्यातमा सरल व्यवस्थापन
- ❖ आयात, निर्यातमा भन्सार छुटको व्यवस्था

## पर्यटकीय क्षेत्रमा देखिएका चुनौतीहरुः

- ❖ यातायात र सञ्चारको असुविधा
- ❖ धार्मिक पुरातात्विक तथा साँस्कृतिक वस्तुहरुको संरक्षण हुन नसक्नु
- ❖ मनोरञ्जनको अभाव
- ❖ पर्यटकीय स्थलहरुको उपयुक्त व्यवस्थापनको अभाव
- ❖ पर्यटकीय सामानहरुको अभाव
- ❖ पर्यटकीय सुविधा र सुरक्षा व्यवस्थापनको अभाव
- ❖ पर्यटकीय स्थलको प्रचार प्रसारको अभाव
- ❖ पर्यटकीय स्थलहरु व्यवस्थित सुरक्षित, वातावरणमैत्री छैन, सोको कठिनाई

## सुधार गर्नुपर्ने कुराहरुः

- ❖ पर्यटकीय स्थललाई वातावरणमैत्री बनाउनु पर्ने
- ❖ सञ्चार सुविधामा विकास गर्नुपर्ने
- ❖ Proper care of floras and faunas
- ❖ हवाई सेवा, होटेल व्यवस्थापनमा निजि क्षेत्रलाई प्रोत्साहन
- ❖ पर्यटकको सेवा सुविधा र सुरक्षाको प्रत्याभूति
- ❖ सरल, सहज हवाई एवं यातायात सेवा
- ❖ सरल, सहज टुरिष्ट गाइडको व्यवस्था
- ❖ पर्यटन सम्बन्धी ऐन, नियम, नितीमा समसामायिक सुधार
- ❖ प्रत्येक पर्यटकीय स्थलको आन्तरीक र बाह्य मुलुकमा प्रचार प्रसारमा जोड
- ❖ पर्यटकलाई स्वागत (कठ), सत्कार, सञ्चार, समन्वय, सेवा, सुविधा, सहुलियत, सुरक्षा कस्तो हुन्छ भन्ने विषयमा स्पष्ट पार्न सक्ने व्यवस्था
- ❖ भाषागत अस्पष्टतामा सुधार ल्याउनु
- ❖ पर्यटकको आगमन संख्या, वसाई समय र बढि खर्च गर्ने बानीमा सुधार ल्याउने कार्यमा जोड
- ❖ हिमाली पर्यटकलाई पर्न सक्ने समस्यामा तत्काल रेस्क्यू गर्न सक्ने व्यवस्था गर्नुपर्ने

❖ पर्यटकहरुलाई पाहुनाको रुपमा हेर्नुपर्ने वातावरणको विकास गर्नुपर्ने, साथै पैसा माग्ने, लुट्ने, जिस्काउने जस्ता वातावरणलाई पूर्ण रुपमा हटाउनुपर्ने ।

❖ खानपान, रहनसहन, सरसफाईमा राम्रो व्यवस्था (पर्यटकीय क्षेत्रमा फाल्ने गरेका ट्याँङ्ग , गुड्का, प्लाष्टिकजन्य सामान, पूर्ण रुपमा हटाउने व्यवस्थामा पहल गर्नुपर्ने)

❖ प्रत्येक पर्यटकीय क्षेत्रको महत्व, त्यसको प्रभाव, अवस्था वारेमा प्रचार प्रसार

❖ पर्यटकीय मनोरञ्जनलाई ध्यान दिने

❖ नयाँ नयाँ गन्तव्य स्थलको खोजी गरी प्रचार प्रसार गर्ने व्यवस्था मिलाउने

❖ नेपालको बहुजाती, बहुभाषी, भेषभुषा, धर्म, संस्कृति, चाडपर्व अनुसारको प्रचार प्रसार

❖ सम्पूर्ण सेवा सुविधा एउटै निकायबाट हुने व्यवस्था गर्नुपर्ने ।

## ५.२.वन तथा वातावरण विषयमा विज्ञ श्री डा. विष्णुहरि पौडेलज्यूबाट कार्यक्रममा प्रस्तुत गर्नुभएका विषयहरुः

## वातावरण व्यवस्थापन र सुधारमा मुख्य अवसर र चुनौतीहरुः

❖ स्वच्छ तथा स्वस्थ वातावरणलाई संविधानले मौलिक हकको रुपमा व्यवस्था गर्नु

❖ वतावरण संरक्षणका ढाँचा र मापदण्ड तयार हुँदै जानु

❖ स्वच्छ तथा स्वस्थ वातावरण सम्वन्धी जनचेतना अभिवृद्धि हुनु

❖ अन्तराष्ट्रिय, राष्ट्रिय तथा स्थानीय चासो वढ्नु

❖ अन्तराष्ट्रिय सन्धि सम्झौतामा नेपाल पक्ष राष्ट्र हुनु र सोही अनुसार श्रोत लगानी

❖ जैविक विविधता र प्राकृतिक वातावरणलाई सुधार्दै पर्यटन विकास गर्ने

❖ वातावरण क्षेत्रको हालको प्रमुख चुनौती र समस्या

❖ प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकलाई प्रत्याभूत गराउनु ठूलो चुनौती

❖ एकीकृत र योजनावद्ध विकास नहुनु

❖ शहरी क्षेत्रमा वढ्दो जनसंख्याको चाप र अव्यवस्थित शहरीकरण

❖ असन्तुलित विकास ( वातावरण र विकासक पूर्वाधार बीचको असन्तुलन)

❖ वतावरणीय प्रभाव मूल्याङ्कन प्रकृया र परिणाम यथार्थपरक नहुनु

❖ अस्पताल लगायतका सेवा र औद्योगिक क्षेत्रहरुवाट सिर्जित प्रदूषण नियन्त्रणमा मापदण्ड तथा भएका मापदण्डको कार्यान्वयनमा समस्या

❖ तीन तहका सरकार तथा अन्य सरोकारवालाहरु बीच समन्वय र सहकार्यको अभाव

## जलवायु परिवर्तनलाई सम्वोधन गर्न प्रमुख चुनौतीः

- ❖ श्रोतको अभाव
- ❖ प्राप्त भएका श्रोतहरुको सही परिचालन, कार्यान्वयनमा संस्थागत क्षमतामा कमी
- ❖ विश्वस्तरमा आफ्ना एजेण्डाहरु स्पष्ट राख्न नसक्नु
- ❖ अनुकूलन तथा न्यूनीकरणका कार्यहरुवाट प्राप्त हुने लाभांश वाँडफाँट सही स्थान र समुदायमा पुग्न नसक्नु
- ❖ रेडप्लस कार्यान्वयन

## वन क्षेत्रको नीति

- ❖ वन श्रोतको दिगो सहभागितामूलक र उत्तरदायी व्यवस्थापन गर्ने
- ❖ हरित उद्यम विकास र राष्ट्रिय समृद्धिमा योगदान गर्ने
- ❖ हरित उद्योग प्रवर्द्धन र विकासका लागि निजी, सामुदायिक र सहकारी क्षेत्रको लगानी प्रोत्साहन गर्ने ।
- ❖ राष्ट्रिय वन बाहिरका निजी वन, सार्वजनिक जग्गाका वन, सस्थागत जग्गाका वन, शहरी वन तथा कृषि वन र पारिवारिक वनको विस्तार, विकास र प्रवर्द्धन गर्ने ।
- ❖ जैविक विविधता संरक्षण गर्ने ।
- ❖ जलाधार, वातावरणीय सेवा र रेड प्लस लाई वनको व्यवस्थापनमा एकाकार गर्ने
- ❖ अनुसन्धान र क्षमता विकास गर्ने
- ❖ सामाजिक सुरक्षा, समावेशीकरण र सुशासन अभिवृद्धि गर्ने

## राष्ट्रिय वन नीति कार्यान्वयनमा संघ, प्रदेश र स्थानीय तहको भूमिका

१. वन क्षेत्रका कार्यक्रमहरु कार्यान्वयन संघ, प्रदेश तथा स्थानीय तहको समन्वयबाट गरिने ।

२. संघले वन क्षेत्रको लागि राष्ट्रियस्तरको नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमनका विषयहरु निर्धारण गर्ने ।

३. संघले विभिन्न तहका सरकारहरुबिच वन व्यवस्थापन पद्धति कार्यान्वयनमा आवश्यक सहजीकरण गर्ने ।

४. संघले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपका कार्यक्रम तथा परियोजनाहरु तर्जुमा गरी तहगत रुपमा कार्यान्वयनको प्रारुप तयार गर्ने ।

५. प्रदेशले संघ तथा स्थानीय तहसँग समन्वय गरी आफ्नो प्रदेशभित्रको राष्ट्रिय वन व्यवस्थापनका लागि भूमिका निर्वाह गर्ने ।

६. स्थानीय तहले संघ तथा प्रदेशसँग समन्वय गरी आफ्नो सीमाभित्रका समुदायमा आधारित वन, निजी वन, कृषि वन तथा वनमा आधारित उद्योगहरु सञ्चालन तथा व्यवस्थापनका लागि भूमिका निर्वाह गर्नेछन्।

## वन क्षेत्रका प्रमुख सवाल तथा चुनौतीहरु

- ❖ वन क्षेत्रले राष्ट्रिय अर्थतन्त्रमा पुर्याएको योगदानमा कमि
- ❖ वन व्यवस्थापनको उपयुक्त ढाँचा के हुने? (वैज्ञानिक वन व्यवस्थापन कार्यविधि खारेजी पछिको अवस्था)
- ❖ वनको दिगो व्यवस्थापनका मापदण्ड कस्तो हुने ?
- ❖ वन क्षेत्र विकासको वाधक (जल विद्युत आयोजना लगायत)
- ❖ वन क्षेत्रको अतिक्रमण (व्यक्तिगत, संगठित तथा सरकारी)
- ❖ समुदायमा आधारित वन व्यवस्थापनलाई कसरी सक्रिय वनाउने? यसको फाइदाको उचित बाँडफाँट कसरी गर्ने?
- ❖ जंगली जनावरको वढ्दो आतंक न्यून गर्नु
- ❖ मिचाहा प्रजातीको प्रकोप नियन्त्रण गर्नु
- ❖ उपलब्ध वन, वनस्पति तथा जैविक विविधताको पूर्ण क्षमतामा सदुपयोग गर्न नसक्नु
- ❖ वन, जैविक विविधता तथा जलाधार व्यवस्थापनको कार्यलाई तीन तहका सरकार, वन समूह र निजी क्षेत्रबीच प्रभावकारी समन्वय र सहकार्यको वातावरण निर्माण गर्नु
- ❖ वनक्षेत्रबाट उत्पादित बस्तु तथा सेवाहरुको विस्तार र तिनबाट प्राप्त लाभको वर्गीय, लैंगिक तथा सामाजिक रुपमा समन्यायिक बाँडफाँट गर्नु ।



कार्यक्रम पश्चात लिईएको सामूहिक तस्बीर

## ६.निष्कर्ष :

प्रदेश सभा बागमती प्रदेशमा रहेका विभिन्न विषयगत समितिहरु मध्येको यस उद्योग, पर्यटन तथा वातावरण समितिका माननीय सदस्यहरुमा समितिको कार्यक्षेत्र बमोजिम क्षमता अभिवृद्धि कार्यक्रमबाट माननीयहरुमा क्षमता अभिवृद्धिमा निकै महत्वपूर्ण उपलब्धि भएको छ। यस समितिको कार्यक्षेत्र भित्र पर्ने उद्योग, पर्यटन, वन र वातावरण क्षेत्रको वर्तमान अवस्था, यस क्षेत्रको सम्भावना र चूनौतीहरुका विषयमा माननीयज्यूहरुलाई जानकार बनाउने र समितिबाट सम्पादन हुने कार्यहरुमा चुस्तता, विश्वसनीय, उपलब्धिमूलक बनाउन समेत यस कार्यक्रमको भूमिका रहने देखिन्छ। नेपाल लगायत विश्वका अन्य राष्ट्रहरुमा यी विविध क्षेत्रहरुमा भईरहेका काम तथा प्रयासहरुका विषयमा विषय विज्ञहरुबाट प्रस्तुत सामग्रीहरुबाट माननीयज्यूहरुमा यस क्षेत्रमा थप ज्ञान हासिल भएको छ। प्रदेश सभाबाट बन्ने हरेक किसिमका कानूनहरुले कुनै न कुनै रुपमा वन र वातावरणको क्षेत्रमा समेत सम्बन्ध राख्ने भएकाले यस कार्यक्रममा अन्य विषयगत समितिका सभापति एवम् माननीयज्यूहरु तथा समिति सचिवको समेत सहभागिताले यो कार्यक्रम थप प्रभावकारी देखिएको छ। वन तथा वातावरण र उद्योग तथा पर्यटन क्षेत्रको विकास र संरक्षणमा भावी दिनहरुमा प्रदेश सभाबाट बन्न सक्ने कानूनका सम्बन्धमा समेत यस प्रकारको कार्यक्रम महत्वपूर्ण देखिएको छ। कार्यक्रमको थप प्रभावकारिता बढाउन कार्यक्रमका अवधिहरु थप गर्नु पर्ने देखिन्छ भने विभिन्न क्षेत्रका विषय विज्ञहरु थप गरी कार्यक्रम गर्न सकेमा कार्यक्रम थप उपलब्धिमूलक र प्रभावकारी हुने देखिन्छ।

## प्रत्यायोजित ऐनहरुको विषयमा मिति २०७८ चैत्र १७ गते काठमाडौंमा भएको सरोकारवालसँग छलफल तथा अन्तर्क्रिया कार्यक्रमको प्रतिवेदनः

### १. परिचयः

उद्योग, पर्यटन तथा वातावरण समितिले मिति २०७८ चैत्र १७ गते (एक दिन) प्रदेश सभाका माननीय सभामुख, माननीय उपसभामुख, अन्य विषयगत समितिका पदाधिकारी एवं माननीय सदस्यहरु, प्रदेश सभाका सचिव, सम्बन्धित मन्त्रालयका सचिव लगायत अन्य सरोकारवालाहरुसँग प्रत्यायोजित ऐनहरुको विषयमा सरोकारवालसँग छलफल तथा अन्तर्क्रिया कार्यक्रम गरिएको हो।

### २. कार्यक्रमका उद्देश्यहरुः

प्रत्यायोजित ऐनहरुका सम्बन्धमा माननीय सदस्यहरुको बुझाईमा एकरुपता ल्याउने यस कार्यक्रमको उद्धेश्य रहेको छ।यसैगरी बागमती प्रदेश सरकारका विभिन्न मन्त्रालयहरुबाट निर्माण भएका प्रत्यायोजित ऐनहरु (नियमावली, निर्देशिका, मापदण्ड, कार्यविधि, आदि)को कार्यान्वयनको अवस्था तथा यस समन्बन्धमा प्रदेश सरकारले गरिरहेको गतिविधिहरुको विषयमा प्रदेश सभाका माननीय सदस्यहरुलाई जानकारी गराउन समेत यस कार्यक्रमको आयोजना भएको हो।प्रत्यायोजित ऐनहरुका सम्बन्धमा विषय विज्ञको प्रस्तुतीकरण तथा माननीयहरुसँग हुने अन्तर्कियाबाट यस विषयमा रहेका जिज्ञासाहरु समाधान गर्ने यस कार्यक्रमको मुख्य उद्देश्य रहेका छन्।

### ३. कार्यक्रममा छलफल भएका अन्य विषयहरुः

- प्रत्यायोजित विधायन बनाउने निकायहरु
- प्रत्यायोजित विधायनका स्वरुपहरु
- प्रत्यायोजित विधायन निर्माणमा ध्यान दिनु पर्ने विषयहरु
- प्रत्यायोजित विधायनका सीमाहरु
- प्रत्यायोजित विधायनको कार्यान्वयनको अवस्था
- प्रत्यायोजित विधायनमा देखिएका समस्याहरु



कार्यक्रममा मन्तव्य राख्नुहुदैं समितिका माननीय सभापति रमा आले मगरज्यू

## ४. निष्कर्ष :

संसदले बनाएको ऐन अन्तर्गत प्राप्त अधिकार भित्र रहेर वा व्यवस्थापिकाले प्रत्यायोजन गरेको अख्तियारी र शर्त बमोजिम मन्त्रिपरिषद्, मन्त्रालय, बोर्ड तथा अन्य निकायहरुबाट बनेको कानूनलाई प्रत्यायोजित विधायन भनिन्छ। यसरी बागमती प्रदेश सभाबाट बनेका ऐन अन्तर्गत यस समितिको कार्यक्षेत्र भित्र पर्ने प्रदेश सरकारका मन्त्रालयहरुबाट समेत प्रत्यायोजित ऐनहरु निर्माण भई कार्यान्वयनमा आईरहेको अवस्थामा हालसम्म ती निकाय तथा मन्त्रालयहरुबाट बनेका ऐनहरुको विषयमा जानकारी लिनुका साथै विषयविज्ञबाट यस विषयमा माननीयज्यूहरुमा रहेको जिज्ञासा तथा प्रत्यायोजित ऐन निर्माण तहमा समेत छलफल र अन्तर्क्रिया हुदाँ यो कार्यक्रम प्रभावकारी बनेको छ। प्रत्यायोजित अधिकारबाट निर्माण भएका ऐनहरुको कार्यान्वयनका अवस्था र चूनौतिका विषयमा समेत कार्यक्रममा छलफल हुनाले भविष्यमा समेत कानून निर्माणमा सहज हुने र कार्यक्षमता समेत वृद्धि हुने भएकाले यस कार्यक्रम उपलब्धिमूलक रहेको छ।

कार्यक्रम आवासीय प्रशिक्षक तथा विज्ञबाट धेरै समय लिई कार्यक्रम गर्न सकेमा यस कार्यक्रम थप प्रभावकारी हुने देखिन्छ। यस्ता कार्यक्रमबाट माननीयहरुमा कानून निर्माणका बेला अपनाउनुपर्ने विधि तथा होसियारी लगायतका विषयमा ज्ञान प्राप्त हुनाले माननीयहरुको कार्यसम्पादनमा समेत क्षमता अभिवृद्धि हुने देखिन्छ। अतः पर्याप्त बजेटको व्यवस्था गरेर यथोचित समय उपलब्ध गराउन सकेमा यस किसिमका कार्यक्रमहरु थप उपलब्धिपूर्ण र प्रभावकारी रहन्छन्।

# परिच्छेद - ५

# उप-समितिका प्रतिवेदनहरुको संपादित अंसः

## वन उप-समिति

**बागमती प्रदेशका विभिन्न वन क्षेत्रहरुको स्थलगत अध्ययन, अनुगमन तथा अवलोकन भ्रमण प्रतिवेदनः**

### १.परिचयः

उद्योग, पर्यटन तथा वातावरण समिति अन्तर्गत बनेको वन उप-समितिको मिति २०७८/११/२० गते बसेको बैठकबाट समितिका माननीय सभापतिज्यूको सहभागितामा बागमती प्रदेश भित्रका वन क्षेत्रहरुको स्थलगत अध्ययन, अनुगमन तथा अवलोकन भ्रमण गर्ने निर्णय भएको थियो। सोही निर्णय बमोजिमको तयारी गरि बागमती प्रदेश भित्र रहेको वन क्षेत्रहरुको अवस्था, समस्या तथा चुनौतीहरुका विषयमा स्थलगत रुपमा अध्ययन, अनुगमन तथा अवलोकन भ्रमण गरि सरोकारवाल निकाय, सामुदायिक वनका पदाधिकारीहरु तथा प्रदेशको वन क्षेत्र हेर्ने विभिन्न निकायहरुसँग अन्तर्किया तथा छलफल गरी वन क्षेत्रको समस्या समाधान तथा वन क्षेत्रको विकासका निम्ति गर्न सकिने प्रयासका विषयमा सम्बन्धित निकायको ध्यानाकर्षण गराउने हेतुले समितिका माननीय सभापति रमा आले मगरज्यूको सहभागितामा वन उप-समितिका माननीय सदस्यहरु तथा समितिका कर्मचारीहरु समेतको सहभागितामा यो कार्यक्रम सम्पन्न भएको छ।

| क्र.स. | मिति | जिल्ला | भ्रमण गरिएका सामुदायिक तथा कबुलियती वनहरु |
|---|---|---|---|
| १. | २०७८ चैत्र १ गते | रसुवा | ❖ डिभिजन वन कार्यालय, रसुवा<br>❖ छिमेरपाखा सामुदायिक वन, उत्तरगया गा.पा. - ३ |
| २. | २०७८ चैत्र २ गते | नुवाकोट | ❖ डिभिजन वन कार्यालय, नुवाकोट<br>❖ माझीगाँउ सामुदायिक वन, नुवाकोट |
| ३. | २०७८ चैत्र २२ गते | मकवानपुर | ❖ रासी डिभिजन वन कार्यालय , मकवानपुर<br>❖ डिपाट सामुदायिक वन , मनहरी<br>❖ जुरेली कबुलियती वन समुह, राक्सिराङ गा.पा.<br>❖ महिला हरियाली कबुलियती वन समुह, राक्सिराङ गा.पा.<br>❖ महिला जागृती कबुलियती वन समुह, राक्सिराङ गा.पा.<br>❖ जनशक्ति कबुलियती वन समुह, राक्सिराङ गा.पा. |
| ४. | २०७८ चैत्र २३ | चितवन | ❖ कंकाली सामुदायिक वन समुह, खैरहानी- ४ |

| | | | |
|---|---|---|---|
| | गते | | ❖ चौतारीडाँडा कबुलियती वन<br>❖ चौरदह कबुलियती वन<br>❖ बडहर पाखा कबुलियती वन<br>❖ साउनेपानी कबुलियती वन<br>❖ गोर्खाली डाँडा कबुलियती वन<br>❖ अरेलीडाँडा कबुलियती वन<br>❖ पधेरीपाखा कबुलियती वन |
| ५. | २०७८ चैत्र २४ गते | धादिङ | ❖ देविथान सामुदायिक वन, नीलकण्ठ-१४<br>❖ देउराली कबुलियती वन, नेत्रावती<br>❖ गुप्तेश्वरी भिर कबुलियती वन समुह , नेत्रावती<br>❖ धुपिडाँडा कबुलियती वन समुह, नेत्रावती |

## २.कार्यक्रमका उद्देश्यहरु

वन उप-समितिको २०७८/११/२० गतेको बैठकको निर्णय बमोजिम तय भएको यस कार्यक्रमका निम्न उद्देश्यहरु छन् :-

- ❖ बागमती प्रदेश भित्रका वन क्षेत्रहरुको स्थलगत भ्रमण गर्ने।
- ❖ बागमती प्रदेश भित्रका वन क्षेत्रहरुको समस्या तथा चुनौतिहरुका विषयमा स्थानीय वन समूहका पदाधिकारी तथा सरकारी निकायका कर्मचारीहरुसँग छलफल तथा अन्तर्क्रिया गर्ने।
- ❖ बागमती प्रदेश भित्रका वन क्षेत्रहरुको विकास, संरक्षण र सम्बर्द्धनका लागि स्थानीय वन समूहका पदाधिकारी तथा सरकारी निकायका कर्मचारीहरुको प्रदेश सरकारसँग रहेको अपेक्षाका विषयमा जानकारी लिने तथा सो को विषयमा सम्बन्धित निकायमा ध्यानाकर्षण गराउने।

## ३. भ्रमणका क्रममा भएका गतिविधिहरुः

उद्योग, पर्यटन तथा वातावरण समितिका माननीय सभापति रमा आले मगरज्यूको उपस्थितिमा समिति अन्तर्गत गठित वन उप-समितिका संयोजक माननीय कृष्ण भुर्तेल, माननीय रामलाल महतो, माननीय हिरानाथ खतिवडा, समितिका सचिव श्री प्रतिमा सापकोटा तथा समितिका कर्मचारी धिरज

ढकाल सहितको भ्रमण टोलीबाट नुवाकोट रसुवा, मकवानपुर , चितवन र धादिङ जिल्लाको वन क्षेत्रको अनुगमन भएको हो।



धादिङको नेत्रावतीमा रहेको कबुलियती वनका सदस्यहरुसँगको अन्तर्क्रिया पछि लिईएको सामूहिक तस्बीर।

## ❖ छिमेरपाखा सामुदायिक वनको अवलोकनः

रसुवा जिल्लाको उत्तरगया गाँउपालिका ३ मा रहेको छिमेरपाखा सामुदायिक वन समूहका अध्यक्षज्यू लगायत पदाधिकारी तथा समूहका सदस्यहरुबिच अन्तर्क्रिया कार्यक्रम भएको छ। करिब ९० हेक्टर क्षेत्रफलमा फैलिएको सो वन समुहमा करिब ४०० घरधुरी सदस्य रहेको सो समूहमा यस वर्ष करिब ४२००० बिरुवाको वृक्षारोपण कार्य भएको छ। टिमुर तथा लोठ सल्ला लगायतका बिरुवाहरुको रोपण भएको वन समुहका अध्यक्षले बताउनुभयो।सो वनको क्षेत्रभित्र धेरै खाली जग्गाहरु भएको तथा वृक्षारोपणको कार्य अपुग रहेकाले व्यापक मात्रामा वृक्षारोपणका कार्यहरु गर्नुपर्ने स्थानीयहरुको माग रहेको छ।खुल्ला चरीचरनबाट व्यापक क्षति भईरहेकाले यस समस्याको समाधानका लागि वृक्षारोपण भएका क्षेत्रहरुमा तारबारको आवश्यकता रहेको वन समूहका अध्यक्षको भनाई रहेको छ। वन समूहले आफ्नो आम्दानीको स्रोत नभएको तथा वनको कोषमा संचित रकम समेत नभएकाले प्रदेश सरकारबाट वन समूहको नविकरण लगायतका कार्यहरुमा सहयोग पुऱ्याउन समूहको माग रहेको छ।

## ❖ डिभिजन वन कार्यालय धुन्चे रसुवामा भएको अन्तरक्रिया कार्यक्रमः

भ्रमण टोली र डिभिजन वन कार्यालय रसुवाबिच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। कार्यालयका रेन्जर बद्री प्रसाद ढुङ्गानाज्यूबाट कार्यक्रममा प्रस्तुत गर्नु भएको थियो। डिभिजन वन कार्यालय रसुवाका चालु कार्यक्रमहरु तथा वन क्षेत्रको संरक्षण र प्रवर्द्धनका लागि आगामी दिनहरुमा गर्न सकिने कामहरुका विषयमा कार्यक्रम भएको थियो। रसुवा जिल्लामा विशेष गरी वन क्षेत्रमा हुने डढेलो र डढेलो नियन्त्रण समयमा नै हुन नसक्नु तथा वातावरणीय प्रभाव अध्ययन बिना नै कृषि सडकहरुको निर्माण अत्यधिक हुनाले वन क्षेत्रको तीब्र विनाश भईरहेको छ।कार्यक्रममा डिभिजन वन कार्यालयबाट प्रस्तुत केहि सवालहरु र अबको बाटो यस प्रकार छन्।

❖ सवालहरु

- वातावरणीय अध्ययन बिना कृषि सडकको नाममा अनुमति विना सडक निर्माण
- वन अतिक्रमण
- धेरै वर्षदेखि वन क्षेत्र वैज्ञानिक ढंगले मापन नभएकोले वन क्षेत्रको सीमाना यकिन गर्न समस्या,
- राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना (जल विद्युत आयोजना/प्रसारण)
- पहुँच सडक, ब्लाष्टिङ लगायतबाट हुने क्षति विषयमा सम्झौतामा कुनै कुरा उल्लेख नभएको
- गत्लाङ क्षेत्रमा डढेलोले क्षति पुऱ्याएको काठको सदुपयोग र पुनरुत्पादनको व्यवस्थापन

❖ अबको बाटो

- पन्चबर्षीय कार्ययोजनाको म्याद सकिन लागेकाले नयाँ तयार गर्ने कार्य भैरहेको,
- जडिवुटीजन्य प्रजातिको वृक्षारोपणमा प्राथमिकता दिने कार्य भईरहेको,
- विगत वर्षमा वृक्षारोपण गरिएका विरुवाको गोडमेल लगायत संरक्षण कार्य,
- वन उद्यम स्थापनामा सहजिकरण ।
- गत्लाङ क्षेत्रको डढेलो ग्रस्त वन क्षेत्रको काठको सदुपयोग र पुनरुत्पादन व्यवस्थापन।
- वन सीमाना यकिन गर्न डिजिटल म्यापिङ गर्नुपर्ने।

## ❖ डिभिजन वन कार्यालय नुवाकोटमा भएको अन्तरक्रिया कार्यक्रमः

भ्रमण टोली र डिभिजन वन कार्यालय नुवाकोटबिच अन्तरक्रिया कार्यक्रम भएको छ। कार्यालयका प्रमुख दिर्घनारायण कोईरालाज्यूले कार्यक्रममा प्रस्तुतिकरण प्रस्तुत गर्नु भएको थियो। डिभिजन वन कार्यालय नुवाकोटका चालू कार्यक्रमहरु तथा वन क्षेत्रको संरक्षण र प्रवर्द्धनका लागि आगामी दिनहरुमा गर्न सकिने कामहरुका विषयमा कार्यक्रम भएको थियो। डिभिजन वन कार्यालय नुवाकोटमा कर्मचारीको अभावमा कार्य सम्पादनमा केहि समस्या रहेको प्रमुख कोईरालाले बताउनु भयो।करीब ३७७ वटा सामुदायिक वनहरु रहेको नुवाकोट जिल्लामा ८० वटा वन समुहहरु निष्क्रिय रहेका छन्। MCC Project अन्तर्गत यस जिल्लामा मात्रै करीब ५७ हेक्टर वनका करीब ६२ हजार रुख काटिने अनुमान रहेको छ।डिभिजन वन कार्यालयले कम आय भएका वन समूहहरुको समूह नविकरणको कार्य गर्दै आईरहेको छ।यसैगरी डिभिजन वन कार्यालय नुवाकोटले गोडमेल , सम्बर्द्धन र पुनर्रोपण कार्यक्रम समेत संचालन गर्न लागेको प्रमुख कोईरालाले जानकारी दिनुभयो।कार्यालयले अमिलो प्रजातिका फलफुल तथा टिमुर लगायतका बिरुवा रोपणको कार्यलाई प्राथमितकता दिएको छ।

## ❖ माझीगाँउ सामुदायिक वन उपभोक्ता समुह, नुवाकोटमा भएको अन्तरक्रिया कार्यक्रमः

नुवाकोट जिल्लामा रहेको माझीगाँउ सामुदायिक वन उपभोक्ता समूहका अध्यक्षज्यू लगायत पदाधिकारी तथा समूहका सदस्यहरुबिच भ्रमण टोलिले अन्तर्क्रिया कार्यक्रम गरेको छ।वि.सं. २०५२ सालमा विधिवत् दर्ता भएको यस वनको क्षेत्रफल करीब ८८.७५ हेक्टर क्षेत्रफल रहेको छ।वन समूहको आफ्नै भवन तथा व्यावसायिक सटरहरु समेत निर्माण भएको छ। समूहले हाल पार्टी प्यालेस समेत बनाउदैं गरेको छ। वन संरक्षणमा लागिरहेको यो समूहले व्यवसायिक रुपमा काम गर्न चाहाने आफ्ना सदस्यहरुलाई ऋण उपलब्ध गराउने देखि आफ्नै कुटानी पिसानी मिल समेत स्थापना गरी उपभोक्ताहरुलाई सुविधा प्रदान गरेको छ।वन समूहमा अमला, बास तथा अम्रिसो लगायतका बिरुवाहरुको वृक्षारोपण गरिएका छन्। पानीको श्रोतहरुको संरक्षण यो वन समूहमा मुख्य चुनौतिको रुपमा रहेको छ। १९७ जना धरधुरी सदस्य रहेको यस वन समूहमा लगाईएका बिरुवाहरुको संरक्षण र पानीको सहज व्यवस्थापनका लागी प्रदेश सरकारमार्फत बजेट विनियोजन हुनुपर्ने समूहका अध्यक्ष बाबुकाजी श्रेष्ठले बताउनु भयो।

## ❖ डिपाट सामुदायिक वन उपभोक्ता समूह, मनहरी :(मकवानपुर)

मकवानपुर जिल्लाको मनहरी गाँउपालिकामा रहेको डिपाट सामुदायिक वन क्षेत्रमा अध्ययन टोलीले स्थलगत अनुगमन गरेको छ। वैज्ञानिक वन व्यवस्थापनको कार्यक्रम लागू गरेको यस सामुदायिक वन क्षेत्रमा साल, सिसौ, चिलाउने लगायतका रुखहरु रहेकोदेखियो। वन समुहले विभिन्न क्लस्टर निर्माण गरी रुखहरुको ग्रेडिङ गरी नयाँ रुखहरु हुर्काउने काम गरेको छ। वैज्ञानिक वन व्यवस्थापनको उत्कृष्ट नमूनाको रुपमा समेत यो वन रहेको छ। विगत १० वर्षदेखी वैज्ञानिक वन व्यवस्थापन गर्दै आएको वन समूहले वनको संरक्षण तथा वनबाट उत्पादन हुने काठ ,दाउरा , घाँस स्याउला लगायत उपभोक्ताहरुलाई सहज रुपमा प्रदान गर्दै आईरहेको छ। वन समूहले आफ्नो आम्दानीबाट विभिन्न सामाजिक कामहरुमा पनि सहयोग गर्दै आईरहेको पाईयो।

## ❖ कबुलियती वनहरु ,मनहरी :(मकवानपुर)

- जुरेली कबुलियती वन समुह, राक्सिराङ गा.पा.
- महिला हरियाली कबुलियती वन समुह, राक्सिराङ गा.पा.
- महिला जागृती कबुलियती वन समुह, राक्सिराङ गा.पा.
- जनशक्ति कबुलियती वन समुह, राक्सिराङ गा.पा.

मकवानपुरको राक्सिराङ गाँउपालिकामा रहेको उल्लिखित कबुलीयती वन समूहका सदस्य तथा पदाधिकारीहरुबिच समितिका माननीय सदस्यहरुले स्थलगत रुपमा भ्रमण तथा अन्तरक्रिया गर्नुभएको छ। कबुलियती वनहरुको अवस्था , समस्या तथा चुनौतिहरुका विषयमा वन समूहका सदस्यहरु तथा सम्बन्धित डिभिजन वन कार्यालयका प्रमुखहरुसँग छलफल भएको हो। कबुलियती वन समूहका सदस्यहरुले कबुलियती वनबाट आफूहरु निकै लाभान्वित भएका बताएका छन्। ६/७ वटा घरधुरी सदस्य रहेका वनबाट सदस्य घरधुरीले घाँसदाउरा तथा नगदेबाली समेत उत्पादन तथा विक्रि गरेका छन्। घाँस तथा स्याउलाहरुको सहज उपलब्धताले बाख्रापालन तथा पशुपालनमा सहज भएसँगै महिलाहरु आयआर्जनको क्षेत्रमा समेत सक्रिय रहेका छन्। यस क्षेत्रका कबुलियती वनहरुमा अम्रिसो, भुईकटहर लगायतका बिरुवाहरुबाट सदस्यहरुले आम्दानी गरिरहेका छन्। स्थानीय वनमा बाँस समेत पाउने हुनाले सो क्षेत्रका सदस्यहरुले बाँसबाट निर्माण हुने मुडा ,डोको , लगायत अन्य हस्तकलाका सामानहरु निर्माणको तालिम आवश्यक रहेको माग गरेका

छन्। वन क्षेत्रको राम्रो संरक्षण र व्यवस्थापनले सो क्षेत्रका कबुलियती वनहरु हरीया देखिएका छन्।

### ❖ कंकाली सामुदायिक वन उपभोक्ता समूह, खैरहनी, चितवन - ४

चितवन जिल्लाको खैरहनी नगरपालिका - ४ मा रहेको कंकाली सामुदायिक वनमा यस भ्रमण टोलीले अवलोकन भ्रमण गरेको छ। चितवन जिल्लामा वन संरक्षणसँगै पर्यापर्यटनमा समेत चर्चित यस वन समुहका गतिविधि तथा वन संरक्षणको अवस्थाका विषयमा अनुगमन टोलिले समूहका पदाधिकारी तथा सदस्यहरुसँग छलफल तथा अन्तर्क्रिया गरेको हो।वन समितिले संचालन गरेको नेपालको एकमात्र मगर संग्राहालयका साथै पार्कको समेत टोलीले भ्रमण गरेको हो।निकुञ्जसँगै रहेको यस वनमा वन्यजन्तु आतंक रहेका कारण कतिपय अवस्थामा घाईते जनावरको उद्दार लगायतका कामहरुको लागि तालिमका कार्यक्रमहरु गर्नु पर्ने माग रहेको छ।यसैगरी वन्यजन्तु र मानव द्वन्द्व कम गर्नका लागि करीब ६ कि.मी. तारबार गर्नुपर्ने आवश्यकता रहेको समुहको भनाई रहेको छ।सामुदायिक वनहरुमा पर्यटनका कार्यक्रम संचालनका लागि स्पष्ट नीति निर्माणका लागि प्रदेश सरकारको ध्यानाकर्षण हुनुपर्ने माग रहेको छ।

### ❖ कबुलियती वनहरु ,कालिकानगर चितवन- ८

- चौतारीडाँडा कबुलियती वन
- चौरदह कबुलियती वन
- बडहर पाखा कबुलियती वन
- साउनेपानी कबुलियती वन
- गोर्खाली डाँडा कबुलियती वन
- अरेलीडाँडा कबुलियती वन
- पधेरीपाखा कबुलियती वन

चितवन जिल्लाको कालिकानगर-८ मा रहेको उल्लिखित कबुलीयती वन समूहका सदस्य तथा पदाधिकारीहरुबिच समितिका माननीय सदस्यहरुले स्थलगत रुपमा भ्रमण तथा अन्तरक्रिया गर्नुभएको छ।कबुलियती वनहरुको अवस्था, समस्या तथा चुनौतिहरुका विषयमा वन समूहका सदस्यहरु तथा सम्बन्धित डिभिजन वन कार्यालयका प्रमुखहरुसँग छलफल भएको हो।कबुलियती वन समूहका सदस्यहरुले कबुलियती वनबाट आफुहरु निकै लाभान्वित भएका बताएका छन्। ६/७ व टा घरधुरी सदस्य रहेका वनहरुबाट सदस्य

घरधुरिले घाँसदाउरा तथा नगदेबाली समेत उत्पादन तथा विक्रि गरेका छन्। घाँस तथा स्याउलाहरुको सहज उपलब्धताले बाख्रापालन तथा पशुपालनमा सहज भएसँगै महिलाहरु आयआर्जनको क्षेत्रमा समेत सक्रिय रहेका छन्। यस क्षेत्रका कबुलियती वनहरुमा अम्रिसो , भूईकटहर, रुख कटहर लगायतका बिरुवाहरुबाट सदस्यहरुले आम्दानी गरिरहेका छन्। कबुलियती वन समूहका सदस्यहरुले नियमित मासिक बचतका समेत कार्यक्रमहरु गरिरहेका छन्। वनहरुमा प्रशस्त कुरीलोहरु पाईने भएपनि यसको प्रशोधन तथा उपयोग र बजारीकरण हुन सकेको छैन। स्थानीय वनमा निगालो बाँस समेत पाउने हुनाले सो क्षेत्रका सदस्यहरुले मुडा, डोको टपरी लगायत अन्य हस्तकलाका सामानहरु निर्माणको तालिम आवश्यक रहेको माग गरेका छन्। वन क्षेत्रको राम्रो संरक्षण र व्यवस्थापनले सो क्षेत्रका कबुलियती वनहरु हरीया देखिएका छन्।

### ❖ देविथान सामुदायिक वन उपभोक्ता समूह ,निलकण्ठ :(धादिङ) १४

धादिङ जिल्लाको निलकण्ठ नगरपालिका -१४ मा रहेको देविथान सामुदायिक वनमा यस भ्रमण टोलिले अवलोकन भ्रमण गरेको छ। धादिङ जिल्लाकै उत्कृष्ठ सामुदायिक वनको रुपमा पुरस्कृत यस सामुदायिक वन २०५५ सालमा स्थापना भएको हो। ९२.९२ हेक्टर क्षेत्रफलमा फैलिएको यस वनमा १४५ वटा घरधुरी सदस्य रहेका छन्। वन संरक्षण र उपयोगमा निकै अब्बल रहेको यस वन क्षेत्रमा अलैचीँ खेती गर्न सकिने प्रशस्त सम्भावना रहेपनि अलैचीँ खेतीका लागि प्राविधिक तालिम र विरुवा सहयोग भएमा वन समुहका उपभोक्ताहरुको आयआर्जनमा वृद्धि हुने समूहका उपभोक्ताहरुको माग रहेको छ। वन क्षेत्रसँगै जोडिएका गाँउहरुमा वन्यजन्तु आतंक रहेकाले यसको निकारणमा कार्यक्रम तर्जुमा हुनु पर्नेमा उपभोक्ताहरुको जोड रहेको छ।

### ❖ कबुलियती वनहरु (धादिङ)

- देउराली कबुलियती वन, नेत्रावती
- गुप्तेश्वरी भिर कबुलियती वन समुह, नेत्रावती
- धुपिडाँडा कबुलियती वन समूह, नेत्रावती

धादिङ जिल्लामा रहेको उल्लिखित कबुलीयती वन समूहका सदस्य तथा पदाधिकारीहरुबिच समितिका माननीय सदस्यहरुले स्थलगत रुपमा भेटघाट तथा अन्तरक्रिया गर्नुभएको छ। कबुलियती वनहरुको अवस्था, समस्या तथा चुनौतिहरुका विषयमा वन समूहका सदस्यहरु तथा सम्बन्धित डिभिजन वन कार्यालयका प्रमुखहरुसँग पनि छलफल भएको हो। कबुलियती वन समुहका सदस्यहरु वनबाट निकै लाभान्वित भएका छन्। ६/७ वटा घरधुरी सदस्य रहेका वनहरुबाट सदस्य घरधुरीले

घाँसदाउरा तथा नगदेबाली समेत उत्पादन तथा विक्रि गरेका छन्।घाँस तथा स्याउलाहरुको सहज उपलब्धताले बाख्रापालन तथा पशुपालनमा सहज भएसँगै महिलाहरु आयआर्जनको क्षेत्रमा समेत सक्रिय रहेका छन्।यस क्षेत्रका कबुलियती वनहरुमा अम्रिसो, भुईकटहर, रुख कटहर लगायतका बिरुवाहरुबाट सदस्यहरुले आम्दानी गरिरहेका छन्। स्थानीय वनमा प्रशस्त मात्रामा निगालो बाँस समेत पाउने हुनाले सो क्षेत्रका सदस्यहरुले मुडा, डोको, टपरी लगायत अन्य हस्तकलाका सामानहरु निर्माणको तालिम आवश्यक रहेको महसुस गरेका छन्।वन क्षेत्रको राम्रो संरक्षण र व्यवस्थापनले सो क्षेत्रका कबुलियती वनहरु हरिया देखिएका छन्।

## ४.निष्कर्ष :

बागमती प्रदेश भित्रका १३ वटा जिल्लाहरु मध्ये नुवाकोट, रसुवा, मकवानपुर, चितवन र धादिङ जिल्लाहरुमा रहेका वन क्षेत्रको अवलोकन गर्ने कार्यक्रम अन्तर्गत उक्त जिल्लामा रहेका सामुदायिक वनको अवलोकन तथा डिभिजन वन कार्यालयहरुमा छलफल र अन्तरक्रिया गरेको छ।कार्यक्रम अन्तर्गत नुवाकोट जिल्लाको डिभिजन वन कार्यालय, नुवाकोट तथा नुवाकोटामा रहेको माझीगाँउ सामुदायिक वन उपभोक्ता समूहको स्थलगत अध्ययन र रसुवा जिल्लामा डिभिजन वन कार्यालय, रसुवा तथा छिमेरपाखा सामुदायिक वन उपभोक्ता समुहको स्थलगत भ्रमण तथा अन्तर्क्रिया कार्यक्रम भएका छन्।यसैगरी राप्ती डिभिजन वन कार्यालय, मकवानपुर तथा सो डिभिजन अन्तर्गतका कबुलियती तथा सामुदायिक वनहरु एवं चितवनको सामुदायिक वनहरु तथा धादिङ जिल्लामा रहेका सामुदायिक वन तथा कबुलियती वनहरुको स्थलगत अनुगमन तथा अवलोकन भ्रमण भएका छन्।यस भ्रमण कार्यक्रमबाट प्राप्त निष्कर्षहरु यस अनुसार रहेका छनः-

१. बागमती प्रदेश भित्र रहेका वन क्षेत्रहरुको संरक्षण तथा वन क्षेत्रहरुबाट हुने उत्पादनहरु स्थानीय उपभोक्ताहरुले प्रयोग र उपयोग गर्न सक्ने गरी कार्यक्रम लागू गर्नु पर्ने।
२. वन डढेलो तथा वन विनाश जस्ता क्रियाकलापहरु रोक्न कार्यक्रम लागू गर्नु पर्ने।
३. वन क्षेत्रमा वृक्षारोपण कार्यक्रम सँगै रोपिएका बिरुवाहरु हुर्काउने तथा सो बिरुवाको संरक्षणका लागि तालिम प्रदान गर्नु पर्ने।
४. वन क्षेत्रमा चरिचरन रोक्न तथा वन्यजन्तु मानव द्वन्द्व कम गर्न तारबार लगाउन बजेट विनियोजन गर्नुपर्ने।
५. वन क्षेत्रहरुमा बाँदर आतंक व्यापक रहेकोले सरकारले यस सम्बन्धमा उचित क्षतिपुर्ति तथा आतंक नियन्त्रणका लागि उचित कार्यक्रम लागू गर्नुपर्ने।

६. वन समूहका उपभोक्ताहरुलाई आत्मनिर्भर र आयआर्जनका क्षेत्रमा संलग्न गराउन तालिम अनुदान तथा नगदेबाली जस्तै बेत, बाँस, अलैचीं लगायतका बिरुवाहरुको वृक्षारोपण कार्यक्रम गर्नुपर्ने।

७. वन समुहहरुको कार्ययोजना नवीकरणका कामहरुमा प्रदेश सरकारले सहजिकरण र सहयोग गरिदिनुपर्ने।

८. पर्यापर्यटनका कार्यक्रमहरु संचालनका लागि प्रदेश सरकारले नीति निर्माण गर्नुपर्ने।

९. वन्यजन्तुबाट हुने क्षतीको उचित क्षतिपूर्तिको व्यवस्था हुनुपर्ने।

१०. वन क्षेत्रहरुमा रहेका पानीको स्रोतहरुको संरक्षण गर्नुपर्ने तथा पोखरीहरु निर्माण गर्नुपर्ने , वन्यजन्तुका लागि पानीको व्यवस्थापन हुनुका साथै आकस्मिक रुपमा हुने वन डढेलो नियन्त्रण गर्न समेत सजिलो हुने।

# पर्यटन उप-समितिका प्रतिवेदनहरुः

## पर्यटन उप-समितिका संयोजक माननीय कुसुम कुमार कार्कीको नेतृत्वमा भएको सिन्धुपाल्चोक जिल्लाका पर्यटकीय क्षेत्रहरुको स्थलगत अध्ययन, अनुगमन तथा अवलोकन भ्रमण प्रतिवेदन

### १.परिचयः

उद्योग, पर्यटन तथा वातावरण समिति अन्तर्गत बनेको पर्यटन उप-समितिको मिति २०७८/१०/२४ गते बसेको बैठकबाट समितिका माननीय सभापतिज्यूको सहभागितामा सिन्धुपाल्चोक जिल्लाका पर्यटकिय क्षेत्रहरुको स्थलगत अध्ययन, अनुगमन तथा अवलोकन भ्रमण गर्ने निर्णय भएको थियो। सोहि निर्णय बमोजिमको तयारी भई बागमती प्रदेश भित्र रहेको सिन्धुपाल्चोक जिल्लाको पर्यटकीय क्षेत्रको विकासको सम्भावनाको विषयमा स्थलगत रुपमा अध्ययन, अनुगमन तथा अवलोकन भ्रमण गरि सो क्षेत्रको विकासका निम्ति गर्न सकिने प्रयासका विषयमा सम्बन्धित निकायको ध्यानाकर्षण गराउने हेतुले यो कार्यक्रम समितिका माननीय सभापति रमा आले मगरज्यूको सहभागितामा पर्यटन उप-समितिका माननीय सदस्यहरु तथा उद्योग, पर्यटन तथा वातावरण समिति अन्तर्गत गठित अन्य उप-समितिका माननीय संयोजकज्यू तथा समितिका कर्मचारीहरु समेतको सहभागितामा यो कार्यक्रम सम्पन्न भएको छ।

### २.कार्यक्रमका उद्देश्यहरुः

पर्यटन उप-समितिको २०७८/१०/२४ गतेको बैठकको निर्णय बमोजिम तय भएको यस कार्यक्रमका निम्न उद्देश्यहरु छन् :-

- ❖ सिन्धुपाल्चोक जिल्लाका पर्यटकीय क्षेत्रहरुको पहिचान गर्ने।
- ❖ सिन्धुपाल्चोक जिल्लामा रहेका पर्यटकीय क्षेत्रहरु विकास तथा प्रवर्द्धनका विषयमा अध्ययन गर्ने ।
- ❖ लगातार प्राकृतिक प्रकोपहरुबाट क्षतिग्रस्त सिन्धुपाल्चोकका पर्यटकीय क्षेत्रहरुको पुनर्निर्माण तथा अन्य अवस्थाका विषयमा अनुगमन गर्ने।
- ❖ सिन्धुपाल्चोक जिल्लाका पर्यटकीय गन्तव्यको विकासका लागि अध्ययन अवलोकन भ्रमणबाट प्राप्त निष्कर्षका आधारमा तयार हुने प्रतिवेदन सम्बन्धित मन्त्रालय तथा सरोकारवाला निकायमा पुऱ्याई पर्यटन विकासका सम्बन्धमा आवश्यक निर्देशन प्रदान गर्ने।

## ३.भ्रमणका क्रममा भएका गतिविधिहरुः

- ❖ उद्योग, पर्यटन  तथा वातावरण समितिका सभापति माननीय रमा आले मगरज्यूको उपस्थितिमा समिति अन्तर्गत गठित पर्यटन उप-समितिका संयोजक माननीय कुसुम कुमार कार्की तथा वातावरण उप-सिमितिका संयोजक माननीय प्रतिमा श्रेष्ठ तथा पर्यटन उप-समितिका सदस्यहरु माननीय राजेन्द्र गुरुङ, माननीइ नरोत्तम वैद्य, माननीय पार्वती सिलवाल , समितिका सचिव श्री प्रतिमा सापकोटा तथा समितिका कर्मचारी धिरज ढकाल सहितको भ्रमण टोलीबाट सिन्धुपाल्चोक जिल्लाको बाढीबाट क्षतिग्रस्त मेलम्ची क्षेत्रको अनुगमन।
- ❖ भ्रमण टोलीबाट सिन्धुपाल्चोक जिल्लाको हेलम्बु गाँउपालिकाका पर्यटकीय स्थलहरुको स्थलगत भ्रमण ।
- ❖ भ्रमण टोलीबाट सिन्धुपाल्चोक जिल्लाको पाँचपोखरी गाँउपालिकामा रहेको प्रसिद्ध पर्यटकीय क्षेत्र आमायाङ्ग्रीको भ्रमण तथा स्थानीय पर्यटन क्षेत्रसँग सम्बन्धी व्यक्तिहरुसँग भेटघाट तथा सामान्य अन्तर्क्रिया ।
- ❖ भ्रमण टोलीबाट सिन्धुपाल्चोक जिल्लाको तार्केघ्याङ क्षेत्रका पर्यटन व्यवसायीहरुसँग सो क्षेत्रको पर्यटनको वर्तमान अवस्था तथा पर्यटकीय क्षेत्र विकासका सम्बन्धमा जानकारी लिने काम।
- ❖ भ्रमण टोलीबाट स्थानीय ह्योल्मु जातिहरुको सँस्कृति तथा रहनसहन एवम् परम्पराका विषयमा समेत अध्ययन अवलोकन तथा ह्योल्मु जातिहरुको एक महत्वपूर्ण पर्व ह्योल्मो छेच्यु कार्यक्रममा समेत सहभागिता।




शेर्माथाङमा स्थानीय ह्योल्मो जातिको प्रमुख पर्वमा सहभागीता जनाउनुहुदैं माननीयहरु

## ४.निष्कर्ष :

बागमती प्रदेशको एक महत्वपुर्ण पर्यटकीय जिल्लाको रुपमा रहेको सिन्धुपाल्चोक जिल्लामा रहेका पर्यटकीय क्षेत्रको अवलोकन गर्ने कार्यक्रम अन्तरगत सिन्धुपाल्चोक जिल्लाको मेलम्ची नगरपालिका, हेलम्बु गाँउपालिका हुदैं पाचँपोखरी थाङपाल गाँउपालिकामा पर्ने पर्यटकीय क्षेत्रहरुको अवलोकन तथा स्थानीयवासीहरुको संस्कृतिका विविध आयामहरुको विषयमा अध्ययन अवलोकन तथा अनुगमन गर्ने कार्य सम्पन्न भएको छ।कार्यक्रम अन्तर्गत सिन्धुपाल्चोक जिल्लाको पाँचपोखरी थाङपाल गाँउपालिकामा रहेको आमायाङ्ग्री पिकको उपसमितिले भ्रमण, स्थानीयवासीहरुसँग अन्तर्किया तथा पर्यटन व्यवसायीहरुसँग यसको विकासका सम्बन्धमा जानकारी लिएको छ।यसैगरी काठमाण्डौबाट नजिकै रहेको मेलम्ची, हेलम्बु गाँउपालिकामा रहेको तार्केध्याङ र शेर्माथाङको समेत उप-समितिले भ्रमण गरेको छ।यस भ्रमण कार्यक्रम पश्चात भ्रमण टोलीबाट निम्न निष्कर्ष प्रस्तुत गरिएको छः

१. काठमाण्डौबाट नजिकको पर्यटकीय स्थलको रुपमा रहेको यस सिन्धुपाल्चोक जिल्लालाई बागमती प्रदेशको पर्यटकीय जिल्लाको रुपमा विकास गरी नीति तथा कार्यक्रमहरुमा समेत यस जिल्लामा पर्यटकीय क्षेत्र विकासका लागि कार्यक्रमहरु ल्याउनु पर्ने।
२. प्राकृतिक प्रकोपबाट उच्च प्रभावित यस जिल्लामा विपत्तीहरुबाट क्षति भएका पर्यटकीय स्थल , मठ मन्दिर तथा गुम्बाहरुको पुनर्निर्माणमा प्रदेश सरकार तथा संङ्घीय सरकारले विशेष ध्यान पुऱ्याउनु पर्ने।

३. बागमती प्रदेश सरकारबाट सिन्धुपाल्चोक जिल्लाका पर्यटकीय क्षेत्रहरुको संरक्षणविस्तार , तथा सो क्षेत्रमा पर्याप्त पूर्वाधार विकासमा ध्यान पुऱ्याउनु पर्ने।

४. धार्मिक तथा ऐतिहासिक महत्व बोकेको पर्यटकीय स्थल आमायाङ्ग्री ३८०० मी सम्म पुग्नका लागि सडक पूर्वाधार विकास हुन सकेको खण्डमा सो क्षेत्र एक उत्कृष्ट पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न सकिने।

५. धार्मिक तथा ऐतिहासिक महत्व बोकेको पर्यटकीय स्थल आमायाङ्ग्री पिक ३८०० मी एक अत्याधिक पर्यटकीय सम्भावना बोकेको गन्तव्य रहेकोले सो पैदल मार्गमा जानकारीमूलक बोर्डहरु तथा ठाँउठाँउमा प्रतिक्षालय (आराम घर) निर्माण गर्नु पर्ने।

६. सिन्धुपाल्चोक जिल्लामा रहेको शेर्माथाङमा रहेका प्राचिन गुम्बाहरु संरक्षण तथा भुकम्पबाट क्षतिग्रस्त रहेको पर्यटकीय संरचनाहरुको पुनर्निर्माण गर्नु पर्ने।

७. आन्तरिक तथा बाह्य पर्यटक आकर्षण गर्दै पर्यटन मार्फत सम्वृद्धिका लागि बागमती प्रदेश सरकारले पर्यटनका सम्बन्धमा सिन्धुपाल्चोक जिल्लालाई प्राथमिकतामा राखेर बजेट विनियोजन गर्नु पर्ने।

८. आमायाङ्ग्री पिकको आरोहण गर्दा यहाँको वातावरणले हिमाल नै चढेको जस्तो अनुभूती हुन्छ। तर पर्यटकहरुले यत्रतत्र फालेका चकलेट, चाउचाउ, बिस्कुट, पानी लगायत पेय पदार्थका बोतलहरुले वातावरणीय प्रदुषण बढ्दै गएको पाइएकोले फोहोर विसर्जनको लागि पैदल मार्गको ठाउँठाउँमा डोको, सोली वा डस्टविन राख्नुपर्ने देखियो।

९. पैदल मार्गमा पिउने पानीको समस्या रहेको पाइएकोले ठाउँठाउँमा पिउने पानीको धाराहरु निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ।

१०. पर्यटकहरुको सुविधाको लागि पैदल मार्गमा सार्वजनिक शौचालयको व्यवस्था गर्न सकेमा अत्यन्त उत्तम हुने देखियो।

## सिन्धुपाल्चोक, दोलखा, रामेछाप र सिन्धुली जिल्लाका हिल स्टेशनहरुको स्थलगत अध्ययन, अनुगमन तथा अवलोकन भ्रमण, २०७८ (प्रतिवेदन)

## १. परिचयः

उद्योग, पर्यटन तथा वातावरण समिति अन्तर्गत गठित पर्यटन उपसमितिले बागमती प्रदेश सरकारको लगानीमा बागमती प्रदेशका सिन्धुपाल्चोक, दोलखा, रामेछाप र सिन्धुली जिल्लामा निर्माणाधीन रहेका हिलस्टेशनहरुको मिति २०७८ चैत्र २६ गते देखी २९ गतेसम्म स्थलगत अध्ययन, अवलोकन तथा अनुगमन कार्यक्रम गरेको छ।

## २.कार्यक्रमका उद्देश्यहरुः

बागमती प्रदेशमा पर्यटन क्षेत्रको विकासका लागि बागमती प्रदेश सरकारले सिन्धुपाल्चोक, दोलखा, रामेछाप र सिन्धुली जिल्लामा निर्माण गरिरहेको हिलस्टेशन तथा भ्यू टावरहरुको स्थलगत अध्ययन, अनुगमन तथा अवलोकन गर्ने उद्देश्यले यो कार्यक्रम भएको हो। बागमती प्रदेशमा पर्यटन विकासका लागि तत्कालीन उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट विभिन्न आर्थिक वर्षहरुमा बजेट विनियोजन भई निर्माणका कार्य भईरहेका हिलस्टेशन तथा भ्यू टावरहरुको निर्माण अवस्थाको विषयमा जानकारी लिने र  भ्यू टावर तथा हिलस्टेशनबाट पर्यटन विकासमा हुन सक्ने टेवा लगायतका विषयमा अध्ययन गर्नु यस कार्यक्रमको उद्देश्य रहेको छ।

## ३.भ्रमणका क्रममा भएका गतिविधिहरुः

भ्रमणका क्रममा बागमती प्रदेश सरकारबाट सिन्धुपाल्चोक, दोलखा, रामेछाप र सिन्धुली जिल्लामा निर्माण भईरहेका हिलस्टेशन तथा भ्यूटावरहरु स्थलगत अध्ययन, अनुगमन तथा अवलोकन कार्यक्रम भएको छ।

## मुडे हिल स्टेशन (सिन्धुपाल्चोक)ः

बागमती प्रदेशमा रहेका प्राकृतिक, साँस्कृतिक तथा साहसिक रुपले संभावनायुक्त सम्पदालाई हिल स्टेशनको घोषणा गरी पर्यटकीय भौतिक पूर्वाधार निर्माण गरी सो स्थानमा एकिकृत पर्यटन प्रवर्द्धनका कार्य सञ्चालन गरि स्थानीय स्तरमा अर्थतन्त्रमा टेवा पुऱ्याउने उद्देश्यका साथ तत्कालीन उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको २०७५ साल असार १८ गतेको मन्त्रिस्तरीय निर्णयबाट मुडे हिल स्टेशन निर्माणको घोषणा भएको थियो। सिन्धुपाल्चोक जिल्लाको लिसंखुपाखर

गाँउपालिकामा कुल रकम रु. ८,९८,१६,३२०/- को लागतमा २ चरणमा यो हिलस्टेशन निर्माण भईरहेको छ।पहिलो चरणमा भ्यूटावर, सभाहल लगायतका भौतिक संरचना निर्माण भईसकेका छन् भने दोश्रो चरणमा गेट, बगैचा, पर्खाल, माटो फिलिङ, पैदल मार्ग, टिकट काउन्टर, गार्ड हाउस निर्माण लगायतका कामहरु भईरहेका छन्। २०७७/०३/२४ गते कार्यादेश भई निर्माण सुरु भएको यस हिलस्टेशन २०८०/०२/१० गते निर्माण सम्पन्न हुने मिति रहेको छ।

भ्यु टावरबाट सिन्धुपाल्चोकको अधिकांश भूभागका साथ गणेश हिमाल, जुगल हिमाल, गौरिशंकर हिमाल, सगरमाथा , सैलुङ्गेश्वर लगायत दोलखाका समेत विभिन्न भूभागहरु देख्न सकिन्छ। हिँउ पर्ने समयमा यस क्षेत्रमा हिँउ पर्ने भएकाले यो क्षेत्रमा सो समयमा पर्यटकको चाप बढ्ने देखिन्छ भने अन्य समयमा समेत काठमाण्डौबाट नजिक भएकाले काठमाण्डौ सहित अन्य स्थानहरुबाट पर्यटकहरु यस ठाँउमा आउने गरेका छन्। भ्यूटावर निर्माण पछि पर्यटकको संख्या बढ्ने देखिन्छ।

पर्यटनको उच्च सम्भावना रहेको यस हिलस्टेशन सम्म पुग्न सडकको स्तरीकरण गर्नु पर्ने देखिन्छ।पर्यटकहरु सो स्थानमा जाँदा सो स्थानमा केही समय बिताउनका लागि भ्यूटावर क्षेत्रभित्र क्याफे तथा चमेना गृहको समेत आवश्यकता रहेको देखिन्छ।प्रचारप्रसार तथा पक्की सडकको व्यवस्था हुन सकेमा सो क्षेत्रमा यस भ्यूटावरको निर्माणले सघाउ पुऱ्याउने देखिन्छ। पर्यटकको संख्या वृद्धिसँगै स्थानीय स्तरमा पर्यटन व्यवसाय विस्तार हुने भएकाले सो क्षेत्रका जनताहरु रोजगार हुनका साथै अन्य आयआर्जनमा सामेल हुन सक्ने देखिन्छ।

## कालिन्चोक भगवती मन्दिर (दोलखा):

बागमती प्रदेशको दोलखा जिल्लामा रहेको कालिन्चोक भगवती मन्दिरको समेत यस उपसमितिले भ्रमण गरेको छ। बागमती प्रदेशमा रहेको चर्चित धार्मिक स्थलमध्ये रहेको कालिन्चोक भगवती मन्दिर एक महत्वपूर्ण स्थल हो। कालिन्चोक गाँउपालिकामा रहेको यो मन्दिर स्वदेशी तथा विदेशी धार्मिक पर्यटकहरुको एक प्रमुख गन्तव्यको रुपमा रहेको छ।मन्दिर नजिक रहेको कुरी भिलेज तथा यो मन्दिरमा वर्षेनी लाखौंको संख्यामा पर्यटकहरु आउने गरेका छन्।
भौगोलिक हिसाबले उच्च पहाडी क्षेत्रमा रहेको यो मन्दिर ३८०० मि. उचाईमा रहेको छ। यो क्षेत्र धार्मिकसँगै पर्यापर्यटनको समेत प्रचुर सम्भावना भएको क्षेत्र हो।

यस क्षेत्रसम्म पुग्ने सडकको अवस्था निकै नाजुक रहेको छ। दोलखाको सदरमुकाम चरीकोटबाट कुरी बजारसम्म पुग्ने अधिकांश सडक जीर्ण रहेकाले सवारी साधन मार्फत सो क्षेत्र जाने पर्यटकहरुलाई समस्या रहेको छ। सडकलाई स्तरीकरण सहित पिच या ढलान गर्न सकेमा यस क्षेत्रमा पर्यटकहरुको संख्या बढ्ने देखिन्छ।प्रदेश सरकारले सो क्षेत्रको सडक निर्माणमा यथेष्ट बजेट

विनियोजन गर्नुका साथै मन्दिर संरक्षणमा ध्यान पुऱ्याउन सकेमा बागमती प्रदेशको यस क्षेत्र उत्कृष्ट पर्यटकीय गन्तव्यको रुपमा स्थापित हुन सक्नेछ।

## खाडाँदेवी भ्यू टावर (रामेछाप):

बागमती प्रदेशको रामेछाप जिल्लामा रहेको खाँडादेवी भ्यू टावरको यस उपसमितिले भ्रमण गरेको छ। रामेछापको खाँडादेवीमा रहेको यस ५ तल्ले भ्यूटावर रामेछापको सदरमुकाम मन्थलीबाट करीब २० कि.मीको दुरीमा रहेको छ। २०७९/०२/२० गते सम्म निर्माण सम्पन्न हुने यस भ्यू टावरको लागत १ करोड रहेको छ। मोटरबाटोको सहज पहुँच रहेको यस क्षेत्रको तल्लो भागबाट भ्यू टावरसम्म पुग्न करीब १ किलोमिटरको पैदल यात्रा गर्नु पर्छ। भ्यू टावरको निर्माण कार्य सम्पन्न भईसकेको छ भने सो स्थानसम्म पुग्ने पैदल यात्राका खुट्किलाहरु निर्माण भईरहेका छन्। हाईकिङको समेत राम्रो सम्भावन रहेको यो भ्यूटावरबाट रामेछाप जिल्लाका अधिकाशं भूभागका साथै सिन्धुली र दोलखाका भूभागको समेत दृश्यावलोकन गर्न सकिन्छ। रामेछापको प्रसिद्ध तिर्थस्थल खाँडादेवी मन्दिर जाने सडक सँगै पर्ने यो भ्यू टावरको निर्माण सम्पन्न भएपश्चात यस क्षेत्रमा पर्यटकहरुको चहलपहल बढ्ने देखिन्छ।

यस भ्यू टावर स्थलमा सुविधायुक्त क्याफे संचालन गर्न सकिने देखिन्छ भने करीब एक किलोमिटर पैदलयात्रा मार्फत भ्यूटावर जानु पर्ने हुनाले बाटोको बिचबिचमा आरामका लागि सेड हाउस निर्माण गर्नुपर्ने देखिन्छ। पर्यटकहरुलाई शुद्ध पिउने पानी र बिजुलीको सहज व्यवस्थापन गर्नुपर्ने देखिन्छ।

## सिद्दबाबा भ्यू टावर (सिन्धुली):

बागमती प्रदेश सरकारको पर्यटन प्रवर्द्धन तथा पूर्वाधार विकास कार्यक्रम अन्तर्गत सिन्धुली जिल्लाको च्याउकोट डाँडामा निर्माणाधीन भ्यू टावरको पर्यटन उप-समितिले भ्रमण गरेको छ। २०७७/०५/३० गते कार्य सम्झौता भएको यस भ्यू टावर निर्माणको काम २०७८/१२/३० मा सम्पन्न हुनु पर्नेमा निर्माणस्थलसम्म सडक निर्माण नभएको हुदाँ उक्त सडक ट्र्याक खोल्न ढिलाइ हुदाँ निर्माण समयमै सम्पन्न नभएई २ पटक म्याद थप गरी हाल निर्माणको अन्तिम चरणमा रहेको छ।

यस भ्यू टावर सिन्धुलीको सदरमुकामबाट करीब १५ कि.मी. टाढा रहेको छ। सदरमुकामबाट नजिक तथा प्रसिद्ध तिर्थस्थल सिद्धबाबाको मन्दिर सँगै रहेको यस भ्यू टावर आन्तरिक तथा बाह्य पर्यटकहरु घुम्न जानका लागि राम्रो गन्तव्यको रुपमा स्थापित हुने देखिन्छ। सामान्य दिनहरुमा दैनिक करीब २०० जनासम्म तथा बिदा र पर्वका समयमा सो क्षेत्रमा अत्यधिक पर्यटकले भ्रमण

गर्ने सम्भावना रहेको स्थानीयको भनाई रहेको छ। भ्यू टावर निर्माणसँगै सो क्षेत्रका स्थानीयवासीहरु उत्साहित भएका छन्।

जिल्लाको सदरमुकामबाट नजिक भएपनि यस भ्यू टावर सम्म पुग्ने सडक निकै कच्ची तथा वर्षायाममा प्राय बन्द रहने गर्दछ। उकालो कच्ची बाटोका कारण भ्यू टावर सम्म पर्यटक पुग्न निकै जोखिम रहेकाले भ्यू टावर संचालन अगावै सो सडकको स्तरीकरण सहित ढलान या पिच गर्नु पर्ने देखिन्छ। सो क्षेत्रमा पानीको अभाव रहेकाले पिउने पानीको सहज उपलब्धताका लागि पूर्वाधार निर्माण तत्काल गर्नुपर्ने देखिन्छ।

## सिन्धुलीगढी दरबार पुनर्निर्माण (सिन्धुली):

बागमती प्रदेश सरकारको पर्यटन प्रवर्द्धन तथा पूर्वाधार विकास कार्यक्रम अन्तर्गत सिन्धुली जिल्लाको ऐतिहासिक क्षेत्र सिन्धुलीगढीमा भईरहेको दरबार पुनर्निर्माणको पर्यटन उपसमितिले स्थलगत भ्रमण गरेको छ। २०७७/०९/२१ गते सम्झौता भई रु ४,३८,९९,५२२/- मा पुनर्निर्माण सुरु भएको यस योजनाको कार्य सम्पन्न गर्नुपर्ने मिति २०७९/०२/१६ गते रहेको छ। पुरातात्विक संरचना भएको हुदाँ पुरातत्व विभाग, काठमाण्डौंको डिजाईन तथा प्रत्यक्ष निगरानीमा कार्य सञ्चालन गर्नु पर्ने भएकाले समय व्यवस्थापनको कठिनाई भएको निर्माण कम्पनीको भनाई रहेको छ।

सिन्धुलीगढी एक ऐतिहासिक पर्यटकीय गन्तव्य रहेकोमा यस पुरातात्विक संरचनाको जगेर्नाको साथसाथै सो क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटकहरुको विकाससँगै जिल्लाको आर्थिक विकास र वृद्धिमा समेत सहयोग पुग्ने देखिन्छ।

## ४.निष्कर्ष :

बागमती प्रदेशमा पर्यटन क्षेत्रको विकासका लागि बागमती प्रदेश सरकारले सिन्धुपाल्चोक, दोलखा, रामेछाप र सिन्धुली जिल्लामा निर्माण गरिरहेको हिलस्टेशन तथा भ्यू टावरहरुको स्थलगत अध्ययन, अनुगमन तथा अवलोकन गर्ने उद्देश्य अनुरुप भएको यस कार्यक्रम उपलब्धिमूलक रहेको छ। बागमती प्रदेशमा पर्यटन विकासका लागि तत्कालीन उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट विभिन्न आर्थिक वर्षहरुमा बजेट विनियोजन भई निर्माणका कार्य भईरहेका हिलस्टेशन तथा भ्यू टावरहरुको निर्माण अवस्थाको विषयमा जानकारी लिने र भ्यूटावर तथा हिलस्टेशनबाट पर्यटन विकासमा हुन सक्ने टेवा लगायतका विषयमा अध्ययन हुदाँ प्रस्तुत केही सुझावका आधारमा भावी दिनहरुमा प्रदेश सरकारबाट यस्ता पर्यटन पूर्वाधार निर्माणमा सहज हुने र यसबाट आन्तरिक तथा बाह्य पर्यटकको संख्यामा उल्लेख्य मात्रामा वृद्धि गर्न सकिने देखिन्छ।



सिन्धुपाल्चोकको मुडे हिलस्टेशन र रामेछापको खाँडादेवी भ्यू टावर अवलोकन पछि लिईएको सामुहिक तस्बीर

## ५.सुझावहरुः

१. नेपाल एक प्रचुर पर्यटकीय सम्भावनाको देश रहेको भएपनि पर्याप्त पर्यटन पूर्वाधारहरु निर्माण नहुनु तथा प्रचारप्रसारको कमीले गर्दा पर्यटनको विकास हुन नसकेको अवस्थामा बागमती प्रदेश सरकारबाट निर्माण भएका हिल स्टेशन तथा भ्यू टावरहरुबाट पर्यटन विकासमा केहि टेवा पुग्न सक्ने विश्वास गर्न सकिन्छ।

२. भ्यू टावर निर्माण तथा संचालन गर्नुपूर्व पर्याप्त मात्रामा अध्ययन तथा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने देखिन्छ।अधिकांश संरचनाहरुको निर्माण वन क्षेत्रहरुमा हुने भएकाले पूर्वाधार निर्माण सँगसँगै पर्यावरणको संरक्षणको काम समेत गर्नुपर्ने देखिन्छ।

३. भ्यू टावरहरुको निर्माण गर्दा दृश्यावलोकन उद्देश्यमा मात्रै नभई बहुउद्देश्यिय प्रायोजनको अवधारणाका निर्माण हुनुपर्दछ।क्याफे, होटेल, होमस्टे लागयतका संरचना समेत बनाउनुपर्छ। यसले पर्यटकको भ्रमण अवधी बढाउनका साथै स्थानीय रोजगारीको समेत सिर्जना गर्दछ।

४. भ्यू टार निर्माणसँगै सो स्थानसम्म पुग्ने सडक संरचना तथा खानेपानी , बिजुली , ईन्टरनेट लगायतका पूर्वाधार पनि निर्माण गरिनुपर्दछ।

५. भ्यू टावर निर्माण गर्दा सो स्थानको भौगोलिक साँस्कृतिक ,धार्मिक ,ऐतिहासिक ,सामाजिक , महत्व लगायतका विषयहरुको संरक्षण तथा प्रवर्द्धन हुने गरि निर्माण गरिनु पर्दछ।

६. भ्यू टावरमा भ्रमण गर्न आउने पर्यटकहरुको सुरक्षामा ध्यान दिनुपर्ने हुन्छ। जोखिमयुक्त संरचनाहरु निर्माण गरिनुहुन्न। दृश्यावलोकन हुने स्थानहरुमा अग्ला रेलिङ एवं बार तथा भऱ्याङहरुमा समेत सुरक्षित किसिमका रेलिङहरुको निर्माण गरिनुपर्दछ। दुर्घटना हुन सक्ने स्थानहरुमा विशेष सुरक्षा सावधानीको पोष्टरहरु तथा चेतनामूलक सामग्रीहरु राखिनुपर्छ।

# परिच्छेद - ६

# आगामी दिनका लागि ध्यान दिनु पर्ने पक्षहरुः

**१.गहन छलफलको आवश्यकताः**

विकास र समृद्धिका लागि आवश्यक पर्ने सबै प्रकारका स्रोत, साधन हुँदाहुँदै पनि जति मात्रामा देश विकास हुन पर्ने हो त्यति मात्रामा हुन सकेको छैन । देश विकास किन हुन सकेन भनेर सोध्ने हो भने, जवाफमा भन्न सकिन्छ हामीले बनाउने नीति, कार्यक्रम, योजनाको लागि जति गहिराइमा छलफल गर्नुपर्ने हो, हुने गरेको पाईंदैन । दीर्घकालीन प्रभाव पार्ने महत्वपूर्ण नीति निर्माण गर्दा समेत सानो घेरामा बसेर बनाउने गरेका कारण, बन्ने र बनाइने नीति, निर्णयले उचित प्रतिफल दिन सक्ने अवस्था रहने कुरै भएन । तसर्थ दिर्घकालिन महत्व राख्ने विषयमा नीति निर्माण गर्दा, कानून निर्माण गर्दा, आवश्यक निर्णय लिंदा जनप्रतिनिधीहरु, विज्ञहरु र सम्बन्धित पक्षहरु समेतको सहभागितामा गहन ढंगको प्रदेश स्तरीय छलफल हुन जरुरी छ ।नेपालको संविधानको धारा ५१(ञ) को सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिको ८ नं ले निर्देशित गरे बमोजिम "आदिवासी जनजातिसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने" भन्ने कुरालाई बिर्सन मिल्दैन। साथै कुनै पनि यस समुदायसँग सम्बन्धित कार्य वा निर्णय गर्नु परेमा ILO169 र UNDRIP मा नेपाल सरकारले गरेको प्रतिवद्धताको पूर्ण पालना गर्ने भन्ने सवाललाई पनि हेक्का राख्नु पर्दछ।

साथै प्रदेश सरकारले प्रशासनिक कार्य सम्पादन गर्दा त्यस्तो कार्यसम्पादन गर्ने पदाधिकारीले संविधान तथा अन्य प्रचलित कानूनमा व्यवस्था भएका कुराहरुको अतिरिक्त सुशासन(व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४को दफा ६ (ञ) मा उल्लेखित जनसहभागिता तथा स्थानीय स्रोतको अधिकतम उपयोग गर्नु पर्ने भन्ने प्रावधानलाई व्यवहारमा कार्यान्वयन गर्ने तथा प्रदेश सरकारलाई गर्न गराउन लगाउने ।

२.**प्रदेशको औचित्य र प्रभावकारिता सम्बन्धमाः**

प्रदेश सरकारका कामको प्रभावकारितामा नौलोपन, जनउत्तरदायी जनताको जीवनस्तर उकास्न प्रदेश सभामा प्रदेश सभाका सदस्यहरुले खेलेको भूमिकाले नै प्रदेशको औचित्य र सान्दर्भिकता पुष्टि गर्दछ ।तर हाम्रा काम कामकारवाही, परम्परागत ढंगका रहेका, संघीय सरकार र प्रदेश सभाले संघीय संसदको काम कारवाहीको प्रायः हुबहु नक्कल गरेको कारणले पनि प्रदेशको औचित्य र सान्दर्भिकता माथि प्रश्न उठ्ने ठाउँ सिर्जना भएको देखिन्छ। प्रदेशहरु कामकाजी, कामयाबी र अधिकार सम्पन्न हुनु पर्दछ।अधिकार सम्पन्न प्रदेश अहिलेको आवश्यकता हो।जे जति अधिकार प्राप्त छ, प्राप्त भएका

अधिकारको प्रयोग मै पनि क्षमता प्रदर्शन गर्न सकिन्छ, ।काममा र विकासका मोडलमा नौलोपन, योजना माग्न मन्त्रालय, मन्त्रालय धाउनु पर्ने अवस्थाको अन्त्य, आवश्यकता र औचित्यको आधारमा विकास योजनाहरुको बाँडफाँट, योजना छनौटमा पारदर्शी ढंगको मापदण्ड, समृद्धिको स्पष्ट खाका लगायतका विषयहरुले प्रदेशको औचित्यता पुष्टि गर्ने नगर्ने कुरा निर्भर गर्दछ ।तसर्थ प्रदेश सरकारका काम कारवाहीको ढाँचा र प्रदेश सभालाई थप प्रभावकारी बनाउने सम्बन्धमा ढिला नगरी छलफल चलाउनु पर्ने अवस्था भने आइसकेको देखिन्छ।

**३.प्रदेश सभा सदस्यहरुको उपस्थितिः**

प्रदेश सरकार मार्फत स्थानीय तहलाई जाने सबै प्रकारका अनुदानहरुको वितरण तथा कार्यान्वयनमा प्रदेश सभा-सदस्यहरुको उपस्थिति प्रत्यक्ष रुपमा अनुभूत हुने गरी लागू गर्ने व्यवस्था अवलम्बन गरिनु पर्दछ।

**४. समितिको राय सुझावको सम्बन्धमाः**

प्रदेश सभा र विषयगत समितिहरुले लिखित रुपमा पेश गरेका राय, सुझाब समेतलाई सरकारका सिद्धान्त र प्राथमिकता, नीति कार्यक्रममा यथोचित सम्बोधन गर्ने इमान्दार प्रयास गरेको देखिएन । समितिले दिएका सुझावलाई छलफल समेत गर्ने गरेको पाइएन । मन्त्रालयबाट हुने यस्ता हेलचेक्राईका बारेमा आगामी दिनमा समितिले गम्भिर ढंगबाट छलफल गर्नु पर्ने अवस्था सृजना भएको छ ।

**समितिको काम प्रभावित पार्ने केही पक्षहरु**

- समितिलाई आवश्यक पर्ने बैठक कक्ष लगायत आवश्यक साधनको कमी ।
- समितिलाई आवश्यक पर्ने विज्ञको सेवा प्राप्त नहुनु ।
- मन्त्रालय र समितिको बिचमा छलफल हुन नसक्नु ।
- पराम्परागत ढंगबाट काम गर्ने प्रवृत्तिको निरन्तरता ।
- कानून निर्माणमा पर्याप्त छलफल हुने अवस्था नहुनु ।
- महत्वपूर्ण नीति निर्माणमा समितिलाई सहभागी गराउने परम्पराको सुरुवात हुन नसक्नु ।

# अनुसूचिहरुः

## अनुसुची - १

# बागमती प्रदेश सभाको उद्योग, पर्यटन तथा वातावरण समितिको कार्यविधि, २०७५

**प्रस्तावनाः**

प्रदेश नम्बर ३ को प्रदेश सभा नियमावली, २०७४ को दफा १५१ को २ ले दिएको अधिकार प्रयोग गरी उद्योग, पर्यटन तथा वातावरण समितिको कामलाई प्रभावकारी र ब्यबस्थित ढंगबाट अगाडी बढाउन तथा समितिमा रहेका सदस्यहरुको कार्यक्षमतामा समेत अभिबृद्धि गर्ने उद्देश्यले समितिको बैठकले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "प्रदेश नम्बर तीन, उद्योग, पर्यटन तथा वातावरण समितिको कार्यविधि २०७५ रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधीमाः

(क) "प्रदेश सभा" भन्नाले प्रदेश नं ३ को प्रदेश सभा सम्झनु पर्दछ ।

(ख) "प्रदेश सरकार" भन्नाले ३ नं प्रदेश सरकार भन्ने सम्झनु पर्दछ ।

(ग) "सभामुख भन्नाले" ३ नं प्रदेशको सभामुख भन्ने सम्झनु पर्दछ ।

(घ) "मन्त्री" भन्नाले ३ नं प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रि भन्ने सम्झनु पर्दछ ।

(ङ) "सभापति" भन्नाले उद्योग, पर्यटन तथा वातावरण समितिका सभापति भन्ने सम्झनु पर्दछ।

(च) "प्रदेश सभा सदस्य" भन्नाले ३ नं प्रदेश सभाका सदस्य भन्ने सम्झनु पर्दछ ।

(छ) "सदस्य" भन्नाले उद्योग, पर्यटन तथा वातावरण समिति र उपसमितिका सदस्य भन्ने सम्झनु पर्दछ ।

(ज) मन्त्रालय भन्नाले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय भन्ने सम्झनु पर्दछ ।

(झ) "बैठक" भन्नाले उद्योग,पर्यटन तथा वातावरण समिति तथा गठित उप—समितिको बैठक भन्ने सम्झनु पर्दछ ।

(ञ) "उप—समिति" भन्नाले आफ्नो कामलाई ब्यबस्थित ढंगबाट सञ्चालन गर्न उद्योग, पर्यटन तथा वातावरण समितिको बैठकबाट निश्चित क्षेत्रको जिम्मेवारी बहन गर्ने गरी गठन गरिएको उप—समिति भन्ने सम्झनु पर्दछ ।

(ट) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले प्रदेश सभाले वा उद्योग, पर्यटन तथा वातावरण समितिले तोकिएको वा तोकिए बमोजिम भन्ने सम्झनु पर्दछ ।

(ठ) "सचिब" भन्नाले समिति तथा उप—समितिको सचिब भै काम गर्न जिम्मेवारी प्राप्त ब्यक्ति सम्झनु पर्दछ ।

(ड) "स्थानीय तह" भन्नाले प्रदेश नं ३ भित्र रहेका जिल्ला समन्वय समिति, महानगर पालिका उपमहानगर पालिका , नगर पालिका र गाउँ पालिका भन्ने सम्झनु पर्दछ ।

## परिच्छेद —२

## समितिको काम कर्तब्य तथा अधिकारः

१) प्रदेश सभा नियमावलीको दफा १५१ ले प्रदान गरेको अधिकार प्रयोग गर्ने ।

२) नियमित रुपमा बैठक बसी कार्ययोजना निर्माण गर्नुका साथै भएका कामका सन्दर्भमा समिक्षा गर्ने ।

३) आवश्यक मात्रामा उप—समितिहरुको गठन गरी सदस्यहरुको जिम्मेवारी तोक्ने ।

४) सदस्यहरु परिचालनको योजना बनाउने ।

५) उप—समितिहरुबाट प्राप्त प्रतिवेदन, राय र योजनामा छलफल गरी निर्णय दिने ।

६) उप—समितिहरुबाट प्रस्तुत भएका कार्ययोजनामा आवश्यक पर्ने बजेटको निर्णय गरी प्रदेश सरकारसंग माग गर्ने ।

## परिच्छेद —३

## सभापति तथा सदस्यहरुको काम कर्तब्य तथा अधिकार

**क) समितिको सभापतिको काम कर्तब्य तथा अधिकारः**

१) समितिको बैठकको अध्यक्षता गर्ने ।

२) प्रदेश सभा नियमावलीले प्रदान गरेको अधिकार प्रयोग गर्ने ।

३) निर्णय भएका विषयमा सम्बन्धित निकायको ध्यानाकर्षण तथा कार्यान्वयन गराउने ।

४) समितिको तर्फबाट अन्य निकायसंग हुने काम कार्वाहीमा नेतृत्वदायी भुमिका निर्वाह गर्ने।

५) समितिलाई नेतृत्व प्रदान गर्ने ।

६) प्रचलित ऐन नियम बमोजिम तोकिएका कार्यहरु गर्ने ।

**ख) सदस्यहरुको काम, कर्तव्य र अधिकारः**

१) समिति तथा उप—समितिको बैठकमा सहभागिता जनाउने ।

२) समिति तथा उप—समितिको आयोजनामा वा अन्य संघसंस्थासंगको सहकार्यमा गरिने कार्यक्रममा सहभागि हुने ।

३) आफुलाई प्रदान गरिएको जिम्मेवारी रचनात्मक तथा सृजनात्मक तरिकाबाट निर्वाह गर्ने।

४) समिति, उप—समिति, सभापति तथा उपसमिति संयोजकले तोकेको अन्य कार्य गर्ने ।

५) समिति, उप—समितिको काम प्रभावकारी रुपमा सम्पन्न गर्न दत्तचित्त भई काम गर्ने ।

६) समिति, उप—समितिले गर्नु पर्ने कामको सन्दर्भमा योजना बनाई समिति तथा उप—समितिको बैठकमा पेश गर्ने ।

## परिच्छेद —४

## उप-समिति गठन, काम कर्तब्य र अधिकार

**उप—समिति गठनः**

समितिले आफ्नो अधिकार क्षेत्रभित्र रहेको कामलाई ब्यबस्थित र छिटो छरितो ढंगबाट सञ्चालन गर्न फरक फरक क्षेत्रमा काम गर्ने गरी उप—समिति गठन गरी सदस्यहरुलाई जिम्मेवारी प्रदान गर्न सक्नेछ । यसरी उपसमिति गठन गर्दा एक संयोजक र एक सह—संयोजकको ब्यबस्था गर्नु पर्नेछ । उप—समितिका संयोजक र सह—संयोजक मध्ये एक महिला हुनु पर्नेछ । उप—समितिमा महिला नभएमा पुरुष राख्न बाधा हुने छैन ।

**उप—समितिको काम, कर्तब्य र अधिकारः**

१) सम्बन्धित मन्त्रालय र निकायसंग सम्बन्धित प्रत्यायोजित ब्यबस्थापन सम्बन्धी र विधेयक माथि दफावार छलफलको लागि समितिलाई सहयोग गर्ने ।

२) सम्बन्धित क्षेत्रमा क्रियाशिल निजि क्षेत्रसंग सम्बन्धित संघसंस्थासंग छलफलको आयोजना गरी आवश्यक राय सुझाव संकलन गर्ने ।

३) वार्षिक कार्ययोजना निर्माण गरी सदस्यहरुलाई परिचालन गर्ने ।

४) वार्षिक योजना तथा विशेष कार्यक्रमको लागि आवश्यक बजेटको खाका तयार गरी समितिमा पेश गर्ने ।

५) उप—समितिको बैठकले कामको प्रकृति र छिटो छरितो काम सम्पन्न गर्न उप—समितिका सदस्यहरुलाई कामको बाँडफाँड गर्न सक्नेछ ।

६) सम्बन्धित क्षेत्रको विकासको लागि उचित परियोजना तयार गरी बजेटको ब्यबस्था गर्न समिति मार्फत सरकारको ध्यानाकर्षण गराउने ।

७) उप—समितिले गरेका काम र संकलन गरेका तथ्य, तथ्यांक र विवरणको आवश्यकता अनुसार विभिन्न माध्यमद्धारा सार्वजनिक गर्ने ।

**उप—समितिको बैठकः**

१) आवश्यकता अनुसार उपसमितिको बैठक बस्न सक्नेछ ।

२) उपसमितिको बैठक उपसमितिको संयोजकले बोलाउनेछ ।

३) उप—समितिको बैठकमा समितिका सभापतिलाई अनिवार्य रुपमा बोलाउनु पर्नेछ । ४) कामको प्रकृति र आवश्यकताको आधारमा उप—समितिको बैठक उप—समितिले तोकेको स्थानमा बस्न सक्नेछ ।

५) आवश्यकता अनुसार विज्ञ, विशेषज्ञ वा सम्बन्धित विषयका जानकार ब्यक्तिलाई उप—समितिको बैठकमा बोलाउन सकिनेछ ।

## परिच्छेद —५

## विविध

१) उप—समितिमा राखिएका सदस्यहरुको माग र कामको अनुभवको आधारमा एक पटकको लागि सभापतिले जिम्मेवारी हेरफेर गर्न सक्नेछ ।

२) समिति, उप—समितिमा रहेर जिम्मेवारी पुरा नगर्ने सदस्यहरुको कामको मुल्याँकन गर्दै सभापतिले सम्बन्धित सदस्यलाई ध्यानाकर्षण गराउन सक्नेछ ।

३) उप—समितिका काम कार्वाहीमा सहयोग पुऱ्याउन र प्राप्त जिम्मेवारी पुरा गर्नु सदस्यहरुको दायित्व हुनेछ ।

४) सम्बन्धित मन्त्रालय, निकायका काम, गतिविधी सम्बन्धमा सम्बन्धित विषयका उप—समितिले गरेका काम कार्वाही को विवरण समितिको बैठकमा प्रस्तुत गर्नु पर्नेछ ।

५) समिति तथा उप—समितिले गरेका काम कार्वाही सम्बन्धमा सञ्चार माध्यम लगायतमा जानकारी गराउन समितिको बैठकले प्रबक्ता तोक्न सक्नेछ ।

६) समिति, उप-समितिले आवश्यकता महशुस गरेमा परामर्शदाताको सहायता लिन सक्नेछ ।

# अनुसूची २

## माननीय सदस्यहरुको बैठकमा उपस्थिति विवरण

समितिको यस वर्षको बैठक संख्याः (बैठक संख्या ५४ दखि ७७ सम्म) : जम्मा २४ वटा

| क्र.सं. | मा. सदस्यहरुको नाम, थर | जम्मा उपस्थिति | कैफियत |
|---|---|---|---|
| १ | मा. श्री रमा आले मगर | २४ | |
| २ | मा. श्री कल्पना नेपाली | १५ | मिति २०७८/९/१० को बैठक संख्या ७२ सम्म |
| ३ | मा. श्री कुसुम कुमार कार्की | २२ | |
| ४ | मा. श्री कृष्ण प्रसाद भुर्तेल | १२ | |
| ५ | मा. श्री चेतनाथ सञ्जेल | १२ | |
| ६ | मा. श्री जगत बहादुर सिंखडा | ४ | |
| ७ | मा. श्री नरोत्तम बैद्य | २२ | |
| ८ | मा. श्री निमा लामा | ८ | मिति २०७८/७/२३ को बैठक संख्या ६४ सम्म |
| ९ | मा. श्री पार्वती सिलवाल | २३ | |
| १० | मा. श्री प्रतिमा श्रेष्ठ | १८ | |
| ११ | मा. श्री बद्री मैनाली | ७ | मिति २०७८/४/१७ को बैठक संख्या ६२ सम्म |
| १२ | मा. श्री वसुन्धरा हुमागाई | १३ | मिति २०७८/८/२ को बैठक संख्या ६९ सम्म |
| १३ | मा. श्री विराजभक्त श्रेष्ठ | १० | |
| १४ | मा. श्री मणिराम फुँयाल | १३ | |
| १५ | मा. श्री राजेन्द्र गुरुङ्ग | २२ | |
| १६ | मा. श्री राजेश शाक्य | ९ | |
| १७ | मा. श्री रामलाल महतो | १४ | |
| १८ | मा. श्री सीता लामा | १७ | |
| १९ | मा. श्री हिरानाथ खतिवडा | १४ | |

## अनुसूची ३
### माननीय सदस्यहरुको विवरण

| क.स | नाम थर | जिम्मेवारी | जिल्ला | राजनितिक दल | सम्पर्क नम्बर | मेल |
|---|---|---|---|---|---|---|
| १ | मा. रमा आले मगर | सभापति | काठमाण्डौ-१०(२) | नेकपा एकिकृत समाजवादी | ९८५११३२८०८ | alemagar_rama@yahoo.com |
| | | | उद्योग,उपभोक्ता हित संरक्षण तथा आपूर्ति उप-समिति | | | |
| २ | मा.सिता लामा | सह-संयोजक | काठमाण्डौ | नेकपा एमाले | ९८४१४२८७५३ | sitalama997@gmail.com |
| ३ | मा.जगत बहादुर सिंखडा | सदस्य | धादिङ्ग-२(२) | माओवादी केन्द्र | ९८५१०२९५६० | jagatsimkhada@yahoo.com |
| ४ | मा.मणीराम फुँयाल | सदस्य | काठमाण्डौ-२(२) | नेकपा एमाले | ९८४१३४४९४२ | phuyalmaniram@gmail.com |
| ५ | मा.चेतनाथ संजेल | सदस्य | ललितपुर-१(२) | नेकपा एमाले | ९८४१३३५२७९ | chetnathsanjel@gmail.com |
| | | | पर्यटन उप-समिति | | | |
| ६ | मा.कुसुम कुमार कार्की | संयोजक | काठमाण्डौ-४(२) | नेकपा एकिकृत समाजवादी | ९८५१११५५५५ | kusukarki@yahoo.com |
| ७ | मा.पार्वती सिलवाल | सह-संयोजक | चितवन | नेकपा एकिकृत समाजवादी | ९८५५०८१३४० | silwalparbati340@gmail.com |
| ८ | मा.नरोत्तम बैद्य | सदस्य | काठमाण्डौ-४(१) | नेपाली काङ्ग्रेस | ९८४१२६९५८३ | narottambaidya5@gmail.com |
| ९ | मा.राजेन्द्र गुरुङ्ग | सदस्य | काठमाण्डौ | नेपाली काङ्ग्रेस | ९८५१०८४५४२ | rajen123grg@gmail.com |
| | | | वातावरण तथा विज्ञान उप-समिति | | | |
| १० | मा.प्रतिमा श्रेष्ठ | संयोजक | भक्तपुर | माओवादी केन्द्र | ९८५११००४२१ | pratimashrestha421@gmail.com |
| ११ | मा.विराज भक्त श्रेष्ठ | सह-संयोजक | काठमाण्डौ | विवेकशिल साझा पार्टी | ९८४१३०८७५४ | biraj.province@gmai.com |
| १२ | मा.राजेश शाक्य | सदस्य | काठमाण्डौ-८(१) | नेकपा एमाले | ९८५११८७७७५ | rajeshmira11@gmail.com |
| | | | वन उप-समिति | | | |
| १३ | मा.कृष्ण प्रसाद भुर्तेल | संयोजक | चितवन-३(१) | नेकपा एमाले | ९८५५०६६३६९ | krishnabhurtel1965@gmail.com |
| १४ | मा.हिरानाथ खतिवडा | सह-संयोजक | नुवाकोट-२(२) | माओवादी केन्द्र | ९८५११५८२०० | trichandra.nuwakot1@gmail.com |
| १५ | मा.रामलाल महतो | सदस्य | चितवन-३(२) | माओवादी केन्द्र | ९८४५०६८०४१ | ramlalmahato51@gmail.com |

# अनुसूची ४

## विभिन्न अवसरमा लिइएका समितिका तस्बीरहरुः

### प्रदेश पर्यटन विकास सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकको सम्बन्धमा स्थानीय तहका जनप्रतिनिधि तथा सरोकारवाला निकायसँगको छलफल तथा अन्तर्क्रिया कार्यक्रमका तस्बीरहरुः



सुनकोशी गाँउपालिका, सिन्धुलीमा भएको कार्यक्रमपछि लिईएको सामूहिक तस्बीर



जिल्ला समन्वय समिति काठमाडौंमा भएको कार्यक्रम



नेपाल पर्यटन बोर्ड, भृकुटिमण्डपमा भएको कार्यक्रमपछि लिईएको तस्बीर

## लुम्बिनी प्रदेश भ्रमणको समयमा लिइएका तस्बीरहरुः




प्रदेश सभा भवन, लुम्बिनी प्रदेश अगाडी लिईएको सामूहिक तस्बीर



लुम्बिनी प्रदेश सभाका माननीय उपसभामुखज्यूसँग वहाँको कार्यकक्षमा लिईएको तस्बीर

## धुलिखेलमा सम्पन्न समितिका माननीय सदस्यहरुको क्षमता अभिवृद्धि कार्यक्रमका तस्बीरहरुः



गमलामा पानी हालेर कार्यक्रम उद्धाटन गर्नुहुदैं कार्यक्रमका प्रमुख अतिथि माननीय सभामुख सानु कुमार श्रेष्ठज्यू



कार्यक्रम पश्चात लिईएको सामुहिक तस्विर

## काठमाडौंमा सम्पन्न प्रत्यायोजित ऐनहरुको विषयमा सरोकारवालसँग छलफल तथा अन्तर्क्रिया कार्यक्रमका तस्वीरहरुः



कायक्रमका झलक



कार्यक्रम पछि लिईएको सामूहिक तस्वीर

## बागमती प्रदेश भित्रका विभिन्न वन क्षेत्रहरुको स्थलगत अध्ययन, अनुगमन तथा अवलोकन भ्रमणको तस्बीरहरुः



मकवानपुरको मनहरीमा रहेको डिपाट सामुदायिक वन क्षेत्रको अवलोकन।




चितवनको कंकाली सामुदायिक वन समूहमा भएको कार्यक्रम पछि लिईएको तस्बीर।

## सिन्धुपाल्चोक जिल्लाका पर्यटकीय क्षेत्रहरुको स्थलगत अध्ययन, अनुगमन तथा अवलोकन भ्रमणका तस्वीरहरुः



पाँचपोखरी थाङपाल गाँउपालिकामा रहेको आमायाङ्ग्री पिकको बेस-क्याम्प (३२००मि.)



सिन्धुपाल्चोक जिल्लाको हेलम्बु-१ मा रहेको पर्यटकीय क्षेत्र तार्केघ्याङमा भएको भ्रमण पछि लिईएको तस्वीर।

## सिन्धुपाल्चोक, दोलखा, रामेछाप र सिन्धुली जिल्लाका हिल स्टेशनहरुको स्थलगत अध्ययन, अनुगमन तथा अवलोकन भ्रमणका तस्बीरहरुः



सिन्धुलीगढी दरबार पुनर्निर्माणको अवलोकन पछि लिईएको तस्बीर



सिद्दबाबा भ्यू टावर, सिन्धुली



*समितिका माननीय सदस्यहरुको उपस्थितिमा माननीय सभापती रमा आले मगर "समितिको चौथो वार्षिक प्रतिवेदन, २०७९" माननीय सभामुख समक्ष पेश गर्नुहुँदै।*